लेखापरीक्षण प्रतिवेदन

सन्दकपुर गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सन्दकपुर गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन
गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/458

श्रीमान् अध्यक्षज्यू,
सन्दकपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
देउराली बजार, इलाम।

विषय - लेखापरीक्षण प्रतिवेदन।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको अन्तिम लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरीपठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/458

श्रीमान् अध्यक्षज्यू ,
सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
माबुमोड देउराली बजार, इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीतर्फको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.९३ करोड ६३ लाख ८९ हजारको लेखापरीक्षण गर्दा रु.१ करोड ४७ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.६१ लाख ६७ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु.२३ हजार, नियमित गर्नुपर्ने रु.७२ लाख ९३ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ८६ हजार गरी जम्मा रु.८६ लाख २ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.११ करोड ६५ लाख ७३ हजार मध्ये रु.५४ लाख ४७ हजार फस्र्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.रु.११ करोड ९७ लाख २७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७९	३७	१,४७,६८,८४२	०	२८	६१,६७,१६८	०	७९	९	८६,०१,६७४	२२,६००	७२,९२,९२२	१२,८६,१५२	०	०	८५,७९,०७४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	११,६५,७३,२९५	०	५४,४७,५९१	११,११,२५,७०४	०	८६,०१,६७४	११,९७,२७,३७८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३.१	फरक जिम्मेवारी	९५,५५२
२	२०८१/८२	३३.२	संस्थागत पेस्की	१६,७९,०४०
३	२०८१/८२	३४.६	मनोरञ्जन कर	५२,८००
४	२०८१/८२	३४.१०	मू.अ.कर लाग्ने वस्तु विकी	२२,२९५
५	२०८१/८२	३६	स्थानीय पाठ्यपुस्तक	१,९८,४००
६	२०८१/८२	३७	प्रमाण पेश गर्नुपर्ने	३,२८,०९०

७	२०८१/८२	४०	घटि कर कट्टा	५३,९१५
८	२०८१/८२	४१	विपद व्यवस्थापन	१,३३,८५०
९	२०८१/८२	४६	निजी सवारी साधन मर्मत	३,४५,०००
१०	२०८१/८२	४७	बढी ग्रेड भुक्तानी	१२,७२५
११	२०८१/८२	५३	नपाउने भुक्तानी	२,०००
१२	२०८१/८२	५५	बढी दरले भुक्तानी	१६,६६०
१३	२०८१/८२	५६.२	पूर्वनिर्धारित क्षतिपूर्ति	१,०२,१४५
१४	२०८१/८२	६१	बढी ग्रेड निकासा	१६,५६०
१५	२०८१/८२	६२	बढी निकासा	१२,१८०
१६	२०८१/८२	६३	पाठ्यपुस्तक	३,३२५
१७	२०८१/८२	६५	बढी भुक्तानी	६७,२३५
१८	२०८१/८२	६७	बढी भुक्तानी	४९,९०१
१९	२०८१/८२	७१	मुल्य समायोजन	६५,४६५
२०	२०८१/८२	७२	पूर्वनिर्धारित क्षतिपूर्ति	१३,०७५
२१	२०८१/८२	७७	साना सिंचाई आयोजना	२८,९६,९५५
			जम्मा	**६१,६७,१६८**
गत विगत आर्थिक वर्षको सम्परीक्षणबाट लगत कट्टा भएको				
२२	२०८०/८१	२.२	कर दायित्व	९०,४९०
२३	२०८०/८१	१५	जिन्सी दाखिला	४३,०००
२४	२०८०/८१	४१	पदाधिकारी अनुगमन	६,२४,०००
२५	२०८०/८१	५४	गजाधर धनमाया रंगशाला	७१,१५२
२६	२०८०/८१	५५	लागत अनुमान वेगर खरिद	४,९९,८९९
२७	२०८०/८१	५६	माइपा ताल- जितपाले- टेकेगोलाई- रामखर्क सडक	४,२४,२०४
२८	२०८०/८१	५७	सम्झौता भन्दा वढी भुक्तानी	४,५३,३५७
२९	२०८०/८१	६०.१	टुक्रा खरिद	१०,७०,४८९

३०	२०७९/८०	२३	पेश्की बाँकी	२१,७१,०००
			जम्मा	**५४,४७,५९१**
			कूल जम्मा	**१,१६,१४,७५९**

सन्दकपुर गाउँपालिका, इलाम

(८०१०३५०६३००)

सन्दकपुर गाउँपालिका , इलाम

परिचय

१

(क) पालिकाको परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले सन्दकपुर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । सन्दकपुर गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १५६.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा १५४४४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१३ देखि २०८२।८।१६ सम्म ४ कार्यदिन रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फ रु.९३ करोड ६३ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७२१५५९ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	**वापत**	**मिति**	**दाखिला भएको बैङ्क**	**रकम**
	पोशाक भत्ता दोहोरो भुक्तानी	२०८२।८।२५	प्रभु बैंक लिमिटेड	९९००
	कार्यपत्र वापतको बढी दरले भुक्तानी	२०८२।८।२५	प्रभु बैंक लिमिटेड	४०८०
	बढी ग्रेड भुक्तानी	२०८२।८।२४	प्रभु बैंक लिमिटेड	१८८५०
	पारिश्रमिक कर कट्टा नभएको	२०८२।८।२५	नेपाल बैंक लिमिटेड	३०२२३३
	पारिश्रमिक कर कट्टा नभएको	२०८२।८।२८	नेपाल बैंक लिमिटेड	४३८२०
	बैठक भत्ता वापतको भुक्तानी	२०८२।८।१७	प्रभु बैंक लिमिटेड	२०४००
गाउँपालिका चालु	विभिन्न बढी भुक्तानी	२०८२।८।२८	प्रभु बैंक लिमिटेड	३१६२७६
संघीय ससर्त चालु	बहाल कर वापत कट्टा नभएको भुक्तानी	२०८२।८।२५	प्रभु बैंक लिमिटेड	६०००
जम्मा				**७२१५५९**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन। पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) समेत यसै दफाको अनुसूचीमा समावेश गरिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. सुरु मौज्दात (गत आ.व.को अ.ल्या.)		**१८८१५३६०.८९**	**१. चालु खर्च**		**२३९६३७६१३.२१**
क) स्थानीय तह सञ्चित कोष खाता	५५९२६८३.३९		क) पालिका तर्फ	१०१२४६४६७.१६	
ख) स्थानीय तह धरौटी खाता	५७१७०९७.१४		ख) संघीय ससर्त	१३४२१५३३१.०५	
ग) स्थानीय तह विविध कोष खाता	६७७२६१०.१५		ग) प्रदेश ससर्त	४१७५८१५.००	
घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	७३२९७०.२१		**२. पुँजीगत खर्च**		**१२८११९३८१.९२**
२. यस वर्षको आय		**१७४८१२००.६७**	क) पालिका तर्फ	८०८०१३५८.९३	
क) आन्तरिक आय	१७४८१२००.६७		ख) संघीय ससर्त	११०५४६५५.२६	
३. वित्तीय हस्तान्तरण (संघ)		**३०४१४९००८.१७**	घ) संघीय समपुरक	१२६४११८०.६३	
क) समानीकरण अनुदान	७४९६७९२०.००		ङ) प्रदेश ससर्त	१४१००७४२.६८	
ख) राजस्व बाँडफाँट	६८१५२५१२.९८		च) प्रदेश समपुरक	९५२१४४४.४२	
ग) ससर्त अनुदान	१४५२६९९८६.३१		**३. अन्तर सरकारी अख्तियारी (संघ)**		**७९४७७४१९.९९**
ङ) समपुरक अनुदान	१२६४११८०.६३		क) सामाजिक सुरक्षा तथा संरक्षण	७५६०९८७१.००	
च) रोयल्टी	३११७४०८.२५		ख) पर्यटन पुर्वाधार विकास आयोजना	१०५२२९०.५९	
४. वित्तीय हस्तान्तरण (प्रदेश)		**३७७९३७६७.५७**	ग) रोजगार प्रवर्धन कार्यक्रम	२३५५८०.००	
क) समानीकरण अनुदान	४७८८०००.००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२५७९६७८.४०	
ख) राजस्व बाँडफाँट	५२०७७६५.४७		**४. धरौटी तथा अन्य कोषहरू**		**१४६६१३३४.७३**
ग) ससर्त अनुदान	१८२७६५५७.६८		क) धरौटी फिर्ता तथा सदरस्याहा	७०६८८०.१७	
घ) समपुरक अनुदान	९५२१४४४.४२		ख) विविध खर्च खाता	१३७५०००.००	
५. अन्तर सरकारी अख्तियारी (संघ)		**७९४७७४१९.९९**	ग) स्थानीय तह विविध कोष खाता	१९०९५८१.२८	
क) सामाजिक सुरक्षा तथा संरक्षण	७५६०९८७१.००		ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०६६९८७३.२८	
ख) पर्यटन पुर्वाधार विकास आयोजना	१०५२२९०.५९		**५. मौज्दात**		**३१४१२९५३.३४**
ग) रोजगार प्रवर्धन कार्यक्रम	२३५५८०.००		क) स्थानीय तह सञ्चित कोष खाता	१३८४४८२२.४५	
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२५७९६७८.४०		ख) विभाज्य कोष	१३२०००.००	
६. धरौटी तथा अन्य कोषहरू		**१९००६७८८.१२**	ग) स्थानीय तह धरौटी	७९९१५५५.२६	

			खाता		
क) स्थानीय तह धरौटी खाता	२९८१३३८.२९		घ) विविध खर्च खाता	११९८९०.००	
ख) विविध खर्च खाता	१४९४८९०.००		ङ) स्थानीय तह विविध कोष खाता	८४५८२५३.७५	
ग) स्थानीय तह विविध कोष खाता	३५९५२२४.८८		च) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	८६६४३१.८८	
घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०८०३३३४.९५				
ङ) विभाज्य कोष	१३२०००.००				
७. जनसहभागिता तथा अन्य सहायता	**१६५८५११५७.७८**	**१६५८५११५७.७८**			
जम्मा	**४९३३०८७०३.१९**	**४९३३०८७०३.१९**	**जम्मा**	**४९३३०८७०३.१९**	**४९३३०८७०३.१९**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय प्रतिवेदन सम्बन्धमा देखिएका व्यहोराहरू:**

३.१ **फरक जिम्मेवारी**

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **९५,५५२.३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले ऐनको व्यवस्था अनुसार हिसाव मिलान नगराएकोले श्रेस्ता र बैंकमा निम्नानुसार रु.१०००.०० फरक देखिन्छ। फरक रकम रु.१०००.०० बैंक बढी देखिएकोले श्रेस्तामा आम्दानी बाँधी हिसाव मिलान गर्नु पर्दछ।

संकेत	कोष खाता	गत बर्षको मौज्दात	घट/बढ नगद	श्रेस्ता अनुसारको मौज्दात	बैंक अनुसारको मौज्दात	फरक
ग १.१	आन्तरिक राजस्व खाता	०.००	०.००	०.००	०.००	०.००
ग १.२	बाँडफाँटबाट प्राप्त राजस्व खाता	०.००	०.००	०.००	०.००	०.००
ग १.३	आन्तरिक अनुदान खाता	०.००	०.००	०.००	०.००	०.००
ग ६.१	स्थानीय तह विभाज्य कोष खाता	०.००	१३२०००.००	१३२०००.००	१३२०००.००	०.००
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	५५९२६८३.३९	८२५२१३९.०६	१३८४४८२२.४५	१३८४५८२२.४५	१०००.००
ग ३.१	स्थानीय तह धरौटी खाता	५७१७०९७.१४	२२७४४५८.१२	७९९१५५५.२६	७९९१५५५.२६	०.००
ग २.१	चालू खर्च खाता- विजोर वर्ष	०.००	०.००	०.००	०.००	०.००
ग २.२	चालू खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००	०.००	०.००
ग २.३	पुँजीगत खर्च खाता- विजोर वर्ष	०.००	०.००	०.००	०.००	०.००
ग २.४	पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००	०.००	०.००
ग २.७	विविध खर्च खाता	०.००	११९८९०.००	११९८९०.००	११९८९०.००	०.००
ग ५.१	स्थानीय तह विविध कोष खाता	६७७२६१०.१५	१६८५६४३.६०	८४५८२५३.७५	८४५८२५३.७५	०.००
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	७३२९७०.२१	१३३४६१.६७	८६६४३१.८८	८६६४३१.८८	०.००
जम्मा		**१८८१५३६०.८९**	**१२५९७५९२.४५**	**३१४१२९५३.३४**	**३१४१३९५३.३४**	**१०००.००**

३.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना गर्दा देहायअनुसार यस वर्षको प्राप्ती र भुक्तानीमा रु.७९४७७४१९.९९ फरक परेको छ। सुत्रमा अन्तर सरकारी अख्तियारीतर्फको रु.७९४७७४१९.९९ खर्च समावेश नभएकोले सो रकम फरक परेको देखिन्छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोवारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैंक मौज्दात
म.ले.प.फा.नं.२७० अनुसार	१८८१५३६०.८९	३९५०१५९२२.३१	३८२४१८३२९.८६	३१४१२९५३.३४
एकीकृत आ.वि. अनुसार	१८८१५३६०.८९	४७४४९३३४२.३०	४६१८९५७४९.८५	३१४१२९५३.३४
फरक रकम	**०.००**	**७९४७७४१९.९९**	**७९४७७४१९.९९**	**०.००**

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै

पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको लगायतको अवस्था देखिएकोले सार्वजनिक स्रोतको प्रभावकारी रुपमा उपयोग गर्न नसकेको अवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,
- शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

- कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,
- पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,
- स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीयस्तरमा उपलव्ध हुने निर्माण सामाग्री ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरूको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिका IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्णरूपमा नभएको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

विविधतर्फ

- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेकोले अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दोहोरो पर्न गएको छ सोको यकिन गर्न सक्ने अवस्था नरहेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न गर्ने नगरेको,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको,
- यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,
- खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- बेरुजु लगतका लागि तयार गरीएको म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,
- सबै कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको,
- आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं. 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्रका आधारमा भुक्तानी गर्नुपर्नेमा सबै भुक्तानीमा सो वेहोरा पालना गरेको पाइएन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष आन्तरिक आयबाट रु.१७४८१२००.६७, राजस्व बाँडफाँडबाट रु.७३३६०२७८.४५, अनुदानबाट रु.२६५४६५०८९.०४ तथा रोयल्टी बापत रु.३११७४०८.२५, जनसहभागिताबाट रु.१६५८५१५७.७८ लगायत रु.३७६००९१३४.१९ प्राप्ती भएकोमा चालु तर्फ रु.२३९६३७६१३.२१ तथा पुँजीगत तर्फ रु.१२८११९३८१.९२ समेत रु.३६७७५६९९५.१३ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.७५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६३.७३ प्रतिशत चालु र ३६.२७ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				अषाढ महिना
			प्रथम	दोस्रो	तेश्रो	चौथो	
१	पालिका पुँजीगत	८०८०१३५९	१८१९२८१	१००४६२५६	१२२२३४२५	५६७१२३९७	३७४८७९०६
२	संघीय सरकार हस्तान्तरित कार्यक्रम पुँजीगत	२३६९५८३६	०	११४०१२	६०११२४८	१७५७०५७६	१२१४९०२९
३	प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पुँजीगत	२३६२२१८७	०	६३१५००४	५०३३७११	१४९३५२०२	१३५३५४७२
जम्मा		**१२८११९३८२**	**१८१९२८१**	**१६४७५२७२**	**२३२६८३८४**	**८९२१८१७५**	**६३१७२४०७**
प्रतिशत		**१००**	**१**	**१२**	**१८**	**६९**	**४९**

उक्त तालिकाअनुसार यो वर्ष पुँजीगततर्फ रु.१२ करोड ८१ लाख १८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१८ लाख १९ हजार अर्थात १ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१ करोड ६४ लाख ७५ हजार अर्थात १२ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.२ करोड ३२ लाख ६८ हजार अर्थात १८ प्रतिशत र चौथो त्रैमासिकमा रु.८ करोड ९२ लाख १८ हजार अर्थात ६९ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ३१ लाख ७२ हजार अर्थात ४९ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्चमध्ये प्रतिशत
आर्थिक विकास	६५२१४२८५	४४०८७२५४	१२
सामाजिक क्षेत्र	१७७७२१०६६	१५३६८४५४०	४२
पूर्वाधार विकास क्षेत्र	९३८८२४४५	८३३९५६४२	२३
वातावरण तथा विपद् व्यवस्थापन	३९७८०००	३१०६०००	१
वित्तीय व्यवस्थापन र सुशासन	२४२१४६२४	१९२६७५९९	५
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	७१६१८१८२	६४२१५०६४	१७
जम्मा	**४६६६२८६०३**	**३६७७५६१००**	**७९**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा सबै भन्दा घटी १ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

८ बजेट तथा कार्यक्रम

८.१ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कुल रु.३६५६५३९० बजेट रकमान्तर भएकोमा चालु शीर्षकमा रु.१२६४०६२० र पूँजिगत शीर्षकमा रु.२३९२४७७० रकमान्तर भएको देखियो । कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८१।१०।१० र ११ को गाउँसभाबाट अनुमोदन भएको देखियो।

घट कायम भएको	थप कायम भएको
२५२६८२४२	३६५६५३९०

अत: पालिकाले ऐन विपरित चालु खर्च शीर्षकमा रकमान्तर गर्ने प्रबृत्तिको अन्त्य गर्नुपर्दछ ।

८.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुनभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेकोमा ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको देखिएन। अत: ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्दछ ।

८.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेतापनि

ऐनमा भएको व्यवस्था अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्ने गरेको देखिएन । अत: ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्दछ ।

८.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१. मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.४३६६२८६०२।७९ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा तोकिएको अवधिभित्र नै खर्च गर्ने अख्तियारी दिएको देखिन्छ ।

८.५ **नीति, कार्यक्रम तथा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याँकन योजनासमेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) बनेको तर बजेटमा समाबेश भएका सबै योजना/कार्यक्रम कार्यान्वियन भएको देखिएन ।कार्यान्वियन नभएका केही योजनाहरू निम्नानुसार छन् ।

क्र.सं.	बजेट (विनियोजन ऐन) बुँदा नं	योजना/कार्यक्रमको वेहोरा	बिनियोजित बजेट
१	५८५	माईपोखरी त्रिधार्मिक पार्क निर्माण	३६००००००
२	५९५	सन्दकपुर अस्पताल भवन वाल निर्माण	१५००००००
३	६००	तिनदोभाने भित्ते सिंचाई योजना	१५२२०००
४	२१०	चाँपगैरी छाँगे कुकुर खोल्सी अधिकारी बिखे सडक	३५२०००
५	२१२	जिवनदर्शन पार्क छिन्टापु	५००००००

अत: नीति तथा कार्यक्रममा उल्लेखित विषयहरूलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र आन्तरिक आयलाई समेत बिचार गरी कार्यान्वियनयोग्य बजेट निर्माण गर्ने र बजेटमा आएका योजना/ कार्यक्रम कार्यान्वियन गर्ने व्यबस्था हुनुपर्दछ ।

८.६ **बजेट समिक्षा नभएको** - अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ । पालिकाले उल्लेखित ऐन अनुसार बजेट समिक्षा गरेको देखिएन ।अत: बार्षिक समिक्षा गरी बजेट कार्यान्वियनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८.७ **योजना तर्जुमा तथा कार्यान्वियन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष १५६ वटा योजनाहरूमा बजेट बिनियोजन भएकोमा १४० वटा कार्यान्वियन भई १६ वटा कार्यान्वियन भएको देखिएन । यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन्।

सि.नं	योजनाको विनियोजित रकमको विवरण	बजेट विनियोजित योजना संख्या	कार्यान्वयन योजना संख्या	कार्यान्वयन नभएका योजना संख्या
१	रु.१ लाखसम्म लागत अनुमान भएका योजना	३४	३३	१
२	रु.१ देखि ५ लाखसम्म लागत अनुमान भएका योजना	७२	६३	९
३	रु.५ देखि १० लाखसम्म लागत अनुमान भएका योजना	२६	२५	१
४	रु.१० देखि २० लाखसम्म लागत अनुमान भएका योजना	६	४	२
५	रु.२० देखि ५० लाखसम्म लागत अनुमान भएका योजना	८	५	३
६	रु.५० लाख देखि माथि लागत अनुमान भएका योजना	१०	१०	०
जम्मा		**१५६**	**१४०**	**१६**

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

८.८ **लक्ष्य प्रगति** – कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३८(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची-५ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ। प्राप्त प्रगति विबरण अनुसार लक्ष्यको तुलनामा निम्न अनुसार प्रगति हाँसिल गरेको देखियो ।

कार्यक्रम/ योजना	कुल कार्यक्रम	वार्षिक प्रगति प्रतिशत					
		शून्य प्रगति	१-२५ प्रतिशत	२५-५० प्रतिशत	५०-७५ प्रतिशत	७५-१०० प्रतिशत	कुल खर्च
बिभिन्न योजना	१५६	१६	०	०	२	१३८	५३२९३४४०

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार १५६ कार्यक्रम तथा योजनामध्ये शुन्य प्रगति हुने १६ योजना तथा कार्यक्रम रहेको देखिन्छ। बाँकी १३८ वटा योजनाहरूको सत प्रतिशत प्रगति हासिल गरेको विवरण पेश भएको छ। बाढी पहिरो, जग्गा विवाद तथा हिउँदे अधिवेशन बाट योजना कटौती गरेको कारण १६ योजनामा शुन्य प्रगति भएको पालिकाको भनाई रहेको छ। अत: सत प्रतिशत प्रगती हासिल गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ ।

९ कार्यक्रमको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम १६ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।यस बर्ष बिभिन्न बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्मलाई विभिन्न कृषिजन्य तथा पशुजन्य व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रु ८५४०७४० खर्च गरेको देखियो । वितरण गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन।अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान

प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामुखी बनाउनु पर्दछ।साथै अनुदान प्राप्त गर्नेको विवरण पालिकाको वेभसाईटमा राख्नुपर्दछ ।

सि.नं.	अनुदान दिएको संस्थाको नाम र ठेगाना			अनुदान विषय	सम्झौता रकम रु. (किसानको लागत समेत)	भुक्तानी रकम
१	जमुना कृषि सहकारी सं लि	सन्दकपुर	५	आलु पकेट कार्यक्रम	२४०००००	२४०००००
२	सामाङसुङ हाङखिम डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	७७०००	७७०००
३	फेमेगुरु दुग्ध तथा कृषि सहकारी संस्था लि.	सन्दकपुर	३	डेरी उपकरण	१२७५००	१२७५००
				डेरी उपकरण	७७०००	७७०००
४	नाछिरिङ्ग दाजुभाई डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१६०००	१६०००
५	युविना डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	२४५०००	२४५०००
६	शान्ता कृषि पशुपालन तथा डेरी उद्योग	सन्दकपुर	५	डेरी उपकरण	१०८०००	१०८०००
				डेरी उपकरण	७७०००	७७०००
७	उज्जवल डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	२२५००	२२५००
८	एन्जिल डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१०८०००	१०८०००
९	शंखेढुङ्गा डेरी तथा कृषि फर्म	सन्दकपुर	२	डेरी उपकरण	१२७५००	१२७५००
१०	बाहिङ कृषि पशुपालन तथा डेरी उद्योग	सन्दकपुर	५	डेरी उपकरण	१२७५००	१२७५००
११	ए.डी. पशुपालन कृषि तथा डेरी उद्योग	सन्दकपुर	१	डेरी उपकरण	१०८०००	१०८०००
१२	सुवेदी डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१२७५००	१२७५००
				डेरी उपकरण	७७०००	७७०००
१३	ढकाल डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	२२५००	२२५००
१४	तमु डेरी उद्योग	सन्दकपुर	५	डेरी उपकरण	१०८०००	१०८०००
१५	बालकृष्ण कृषि फर्म	सन्दकपुर	४	डेरी उपकरण	७७०००	७७०००
१६	माईपातल डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१२७५००	१२७५००
१७	साउदेन डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१२७५००	१२७५००
१८	टारी डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१२७५००	१२७५००
१९	नमुना दुग्ध उत्पादन सहकारी संस्था लि	सन्दकपुर	१	डेरी उपकरण	१२७५००	१२७५००
२०	रिक्छेन कृषि पशुपालन तथा डेरी उद्योग	सन्दकपुर	३	डेरी उपकरण	१०८०००	१०८०००
				डेरी उपकरण	२२५००	२२५००
				डेरी उपकरण	७७०००	७७०००
२१	फोरस्टार एकिकृत कृषि	सन्दकपुर	३	डेरी घर निर्माण	१६०००	१६०००

	फर्म तथा डेरी उद्योग					
२२	भगवान कृषि पशुपालन तथा डेरी उद्योग	सन्दकपुर	३	डेरी घर निर्माण	२५१०००	२५१०००
२३	अर्चवी डेरी उद्योग तथा पशुपालन फर्म	सन्दकपुर	५	डेरी घर निर्माण	२५१०००	२५१०००
२४	भट्टराई ट्रेड एण्ड डेरी उद्योग	सन्दकपुर	५	डेरी घर निर्माण	२५१०००	२५१०००
२५	अनुकुल दुग्ध डेरी उद्योग	सन्दकपुर	३	डेरी घर निर्माण	२५१०००	२५१०००
				डेरी उपकरण	२५१०००	२५१०००
२६	युम्वुछा डेरी उद्योग	सन्दकपुर	१	डेरी घर निर्माण	१२७५००	१२७५००
२७	कफि प्रवर्धन कार्यक्रम	सन्दकपुर गापा	५ वटा वडा	किसानलाई कफिको विरुवा र मेशिनरी वितरण	९८१७४०	९८१७४०
२८	तरकारीको विउ वितरण	सन्दकपुर गापा	५बटा वडा	मटरको विउ वितरण	२४००००	२४००००
२९	प्याजको विउ वितरण	सन्दकपुर गापा	५बटा वडा	प्याजको विउ वितरण	४२००००	४२००००
२९	मौरी प्रवर्धन कार्यक्रम	सन्दकपुर गापा	५बटा वडा	३ दिनको तालिम सहित ४२ बटा मौरी सहित को घार र ८५ बटा खालिघार वितरण	६०००००	६०००००
३०	माटो परीक्षण गरी कृषि चुन वितरण	सन्दकपुर गापा	५बटा वडा	परीक्षण र वितरण	१५००००	१५००००
जम्मा						**८५४०७४०**

तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी कृषकको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१० संगठन तथा कर्मचारी व्यवस्थापन

१०.१ **तलवी प्रतिवेदन** - कोशी प्रदेशको प्रदेश निजामति सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश किताबखाना गठन नहुँदासम्म प्रचलित कानुन वमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराउनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष संघीय निजामती सेवा र समायोजन मार्फत कार्यालयमा कार्यरत बाहेकका प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीको तलवी प्रतिवेदन पारित नगराई पारिश्रमिक खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले प्रदेश लोक सेवाबाट सिफारिस भई आएका कर्मचारीको समेत तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१०.२ **दरबन्दी र पदपूर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ८६ दरबन्दी स्वीकृत

रहेकोमा लेखापरीक्षण अवधिसम्म ३१ पद पूर्ति भई ५५ पद रिक्त रहेको देखिन्छ। प्राप्त विवरण अनुसार प्रशासन अधिकृत २, प्रशासन सहायक १५, १ स्टाफ नर्स, अ स ईन्जिनियर ५ लगायतका ५५ पदहरू रिक्त रहेका छन्। रिक्त पदहरूमध्ये ६ जना प्रदेश लोकसेवामा पदपुर्तिको लागि पठाएको पाइयो । पालिकाको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

१०.३ **वडा सचिवको पदपुर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपूर्ती	कैफियत
५	५	५	२ वटा वडा प्राविधिकबाट चलाएको

१०.४ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष उल्लेखित पदहरू बाहेक सूचना प्रविधी अधिकृत , कार्यक्रम करार, सामाजिक परिचालिका लगायत विभिन्न पदमा १८ कर्मचारीहरू करारमा राखी रु.६८४८३०८ खर्च लेखेको छ।उल्लिखित पदहरू २०७९ मा व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएको पाइयो। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरू प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

१०.५ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु.२०००००० ट्रान्सफर गरेको छ। सन्दकपुर गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका २०७४ को बुँदा नं ५ मा प्रत्येक आर्थिक बर्षमा कर्मचारीका लागि भुक्तानी गरिने एक महिनाको तलब बराबरको रकम जम्मा गर्ने व्यवस्था रहेकोमा सो गर्ने गरेको देखिएन। अत: कार्यविधिको पूर्ण पालना गरी कोषको उचित परिचालन गर्नुपर्दछ ।

११ प्रोत्साहन तथा फिल्ड भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। त्यस्तै कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ४२(२) मा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आबश्यक व्यबस्था गर्न सक्ने उल्लेख छ। पालिकाले सन्दकपुर गाउँपालिकाको कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० तयार गरी सोही बमोजिम यो वर्ष प्रमुख प्रशासकीय अधिकृत सहित अन्य कर्मचारीहरुलाई रु.१५,१०,८०९।०० प्रोत्साहन भत्ता र प्राविधिकतर्फका कर्मचारीहरूलाई रु.९,६१,०००।०० फिल्ड भत्ता भुक्तानी गरेको छ। सो भुक्तानी राजस्व बाँडफाँडबाट खर्च लेखेकोले आन्तरिक श्रोतलाई ध्यान दिई मितव्ययी तवरले कार्यविधिले तोकेको मापदण्डहरू पुरा गरेर आन्तरिक श्रोतबाट खर्च लेख्नु पर्दछ।

१२ कानून निर्माण एवं कार्यान्वयन

१२.१

कानून निर्माण एवं कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २९ वटा ऐन, ५ वटा नियमावली, २९ कार्यविधि, ६ निर्देशिका र ४ नम्स गरी ७३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले सबै कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको जनाएको छ ।

१२.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष १७ विवाद दर्ता भएकोमा १७ वटै फर्स्योट भएको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३ नक्शा पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन सो सम्बन्धमा पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरेको अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन। पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१४ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। नगरपालिकाको मुख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्नानुसार सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

सि.नं.	विवरण	संख्या
१	नागरिकता सिफारिश	३०७
२	घरबाटो सिफारिश	१३३
३	जन्म दर्ता	२९६
४	मृत्यु दर्ता	१८२
५	विवाह दर्ता	१४३
६	बसाईसराइ	५९
७	सम्बन्ध बिच्छेद	२०
८	नाता प्रमाणित	७३
पूर्वाधार बिकासतर्फ		
१	घर नक्सा पास संख्या	१
२	ग्रावेल	२ कि मि
३	सोलिङ	०.७६ कि मि
४	नयाँ बाटो कटिङ	०.७५ कि मि
५	नाली निर्माण	३.३ कि मि
६	भवन निर्माण	२ वटा

पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

१५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि खर्च गरेको देखिएन । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१६ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराई रु.२९३२३५ खर्च गरेको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१७ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियम १०६ अनुसार लिलाम गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरेको छ । आर्थिक बर्ष २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम गर्नुपर्ने बिभिन्न सामानहरू लिलाम गरी रु ११३०७२ राजस्व आम्दानी गरेको छ ।
- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका घर जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

१८ तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध

गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। जसमध्ये २२ वटा सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको र १० वटाले दाखिला नगरी निस्कृय रहेको विवरण प्राप्त भएको छ । पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सहकारीहरूको अनुगमन निरीक्षण गरी बिस्तृत प्रतिवेदन तयार गरेको देखिएन। अत: ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी सहकारी वचत रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२० अनुदानको अनुगमन

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको त्रैमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरूको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट समपुरक अनुदान अन्तर्गत योजनाहरू संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरूमा पठाइने गरेको देखिएन।

क्र.स.	स्रोत	संचालित योजनाहरू	बजेट खर्च
१	संघीय समपुरक अनुदान	चापगैरी छाँगे आलुबारी अधिकारी बास बिखे भन्ज्याङ सडक	२२८९६६२१।४८
२	प्रदेश समपुरक अनुदान	देउराली माई पाताल जिपपाले टेकेगोलाई रामखर्क सडक	७१८१०६३।०२
३	प्रदेश समपुरक अनुदान	कृष्णभिर जमुना जौबारी सडक	७४१५१५३।७५
		जम्मा	३७४९२८३८।२५

अत: कार्यविधिले तोकेअनुसार अनुदानबाट संचालित योजनाहरूको नियमित अनुगमन गरी प्रतिवेदन सम्बन्धित निकायमा पठाउनुपर्दछ ।

२१ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिहरूलाई कर्यपालिकाको निर्णयानुसार रु.४८४४५९ आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रु.१७४८१२०१ को २.७७ प्रतिशत हुन जान्छ। साथै आर्थिक सहायताको विवरण पालिकाको वेभसाइटमा राख्नुपर्दछ।

क्र.सं.	बितरणको आधार	आर्थिक सहायता प्राप्त गर्ने संख्या	रकम रू
१	स्वास्थ्य उपचार	२९	३८९४५५
विपन्न नागरिक सहायता रकम			
२	आगलागी पिडित	२	५००००
३	बाढी प्रभावित	३	४५०००
जम्मा			**४८४४५५**

अत: यस्ता खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी यस किसिमको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२२ विविध तथा सभा सञ्चालन खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना खाजा तथा अतिथि सत्कार वापत रु.२४८७०११ र गाउँसभा सञ्चालनमा रु.५५०००० गरी जम्मा रु.३०३७०११ खर्च गरेको छ। उक्त खर्च आन्तरिक आय रु.१७४८१२०१ को १७.३७ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयलाई बिचार गरी यस प्रकारको खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

२३ बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले बिज्ञापन बापत रु.११४६८५७ एजेन्सी बिलको आधारमा भुक्तानी गरेको देखियो। अत: सम्बन्धित सञ्चार माध्यमबाट जारी भएको विल बिजकको आधारमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।

२४ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूर्वान्चल ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई घुम्ती तारसिंहडाँडा सिक्रे पिप्ले धुवाँखोला मिरिक हिले सन्दकपुर सडक डिपिआर बापत रु.६८७४९२ भुक्तानी गरेको देखियो। डिपिआरबाट उक्त सडकको रु.१४०४१४५०१।३९ लागत कायम भएको छ। उक्त योजना कार्यान्वयनको लागी आवश्यक बजेट व्यवस्था गरेको देखिएन। अत: कार्यान्वयन हुने आयोजनाको मात्र बिस्तृत परियोजना प्रतिवेदन तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२५ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको प्राविधिक बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२६ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रु.१२८११९३८२ पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२७ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र प्रर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कुल पुँजीगत खर्च रु.१२८११९३८२ रहेकोमा रु.४८७४३३१२ खुला प्रतिस्पर्धाको माध्यमबाट, रु.५३३०६०० सोझै खरिदको माध्यमबाट, रु.९४८११० अमानतबाट, रु.२४९४००० क्याटलग सपिङबाट र रु.६८९९८७२० उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

क्र.सं.	विवरण	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	४८७४३३१२	३८
२	सोझै खरिद	५३३०६००	४
३	उपभोक्ता समिति	६८९९८७२०	५४
४	अमानत	९४८११०	०.८
५	क्याटलग सपिङ	२४९४०००	२
६	कन्टिन्जेन्सी	१६०४६४०	१.२
	जम्मा	१२८११९३८२	१००

पालिकाले यस बर्ष ३८ प्रतिशत खुला बोलपत्रबाट, ५४ प्रतिशत उपभोक्ता समितिबाट, ४ प्रतिशत सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२८ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ। पालिकाले यस बर्ष रु.१६०४५६४ कन्टिन्जेन्सी खर्च गरेको छ ।खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा राखेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन। निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकता अनुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

२९ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरूमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

क्र.सं.	अनुदानको किसिम	प्राप्त अनुदान	खर्च	बाँकि (फ्रिज हुनुपर्ने)
१	संघीय ससर्त	१७५५०३२००	१४२९१११६७	३०२३३२१४
२	संघीय समपुरक	१५००००००	१४७६४११८१	२३५८८१९
३	प्रदेश ससर्त	२३५०५०००	१८२७६५५८	५२२८४४२
४	प्रदेश समपुरक	१००००००००	९५२१४४४	४७८५५६

३० पदाधिकारी सुविधा

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षमा पदाधिकारीको सेवा सुविधामा देहाय अनुसार रु.४३०६००० खर्च गरेको देखियो । जुन पालिकाको आन्तरिक आय रु.१७४८१२01 को २४.६३ प्रतिशत हुन आउँछ।

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ५ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १५ जना	जम्मा २८ जना
१	बैठक/ अनुगमन भत्ता	१००००	-	-	-	-	-
२	यातायात खर्च	-	-	८०००	१५०००	३००००	५३०००
३	टेलिफोन,मोबाइल	३०००	३०००	१००००	९०००	१५०००	४००००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	२०००	२०००	५०००	६०००	१५०००	३००००
५	समन्वय तथा सहजीकरण/ खाजा खर्च	५०००	५०००	१५०००	९०००	२२५००	५६५००
६	अतिथि सत्कार	९०००	५०००	२००००	१२०००	२२५००	६८५००
७	खानेपानी/बिजुली	२५००	२५००	५०००	३०००	७५००	२१५००
८	सरसफाई	२५००	२५००	५०००	६०००	०	१६०००
९	चाडपर्व खर्च(वार्षिक)	१००००	१००००	५००००	६००००	१५००००	२८००००
जम्मा							**४३०६०००**

अत: पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३१ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न कर्मचारीहरूलाई निम्नानुसार दैनिक भ्रमण भत्ता भुक्तानी गरेको कार्य मनासिब देखिएन ।अन्य कार्यालयको यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्ने हुनाले उक्त खर्चलाई नियमसम्मत मान्न सकिएन।

सि नं	भौ.नं.।मिति	कर्मचारीको नाम	कार्यालय	खर्च रकम
१	६०३।२०८२।३।२५	क अ असिम दियाली	बिद्युत विकास बिभाग	१५०००
२	६०३।२०८२।३।२५	स ले पा ईश्वर खतिवडा	को ले नि का	२७००
३	६०३।२०८२।३।२५	सूचना प्रविधि सहायक कुमार निरौला	जि स स	५४००
४	६०३।२०८२।३।२५	ना सु गोपाल रिजाल	मालपोत कार्यालय ईलाम	५१००
५	६०३।२०८२।३।२५	उपसचिव चन्द्र प्रसाद मिश्र	मालपोत कार्यालय ईलाम	६८००
६	६०३।२०८२।३।२५	समन्वय प्रमुख जय प्रकाश राई	जि स स	९०००
७	६०३।२०८२।३।२५	क अ तिर्थराज नेपाल	मालपोत कार्यालय ईलाम	५१००
८	६०३।२०८२।३।२५	जिल्ला समन्वय अधिकारी प्रेम कुमार काफ्ले	जि स स	७२००
९	६०३।२०८२।३।२५	ना सु बिरध्वज लिम्बु	जि स स	५४००
१०	६०३।२०८२।३।२५	कृषि ईन्जिनियर नरेन्द्र प्रसाद चौधरी	परियोजना कार्यान्वयन ईकाई ईलाम	१२०००
११	१२०।२०८१।९।७	आलेप सहायक खुम बहादुर खालिङ	को ले नि का	७५००
१२	१२०।२०८१।९।७	आलेप अधिकृत देवीचरण भण्डारी	को ले नि का	१००००
१३	१२०।२०८१।९।७	आलेप सहायक मान भक्त श्रेष्ठ	को ले नि का	७५००
१४	२२२।०८१।११।५	उपसचिव मुना राउत	राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग	१३४००
१५	२५२।०८१।११।२२	नर्सिङ निरिक्षक बिना सिग्देल	जिल्ला अस्पताल ईलाम	५७००
१६	२५२।०८१।११।२२	जनस्वास्थ्य निरिक्षक टिका लुईटेल	जिल्ला अस्पताल ईलाम	५७००
१७	४८९।०८२।३।१६	क अ भोज प्रकाश न्यौपाने	जिल्ला अस्पताल ईलाम	६१००
१८	४८९।०८२।३।१६	मेडिकल अधिकृत डा दिपेश मण्डल धानुक	जिल्ला अस्पताल ईलाम	७८००
१९	६०६।०८२।३।२५	क अ मन्जु खनाल	सघन शहरी तथा भवन निर्माण आयोजन झापा	९१००
जम्मा				**१४६५००**

अनियमित भएको	१,४६,५००

३२ घर भाडा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै ऐन नियममा पदाधिकारी तथा कर्मचारीलाई आवास सुविधा दिन मिल्ने देखिदैन । पालिकाले यस बर्ष कर्मचारी तथा पदाधिकारीको आवास प्रयोजनका लागि २ घरधनीसँग घरभाडा सम्झौता गरी निम्नानुसार बार्षिक रु.३८४००० खर्च गरेको देखियो । यसरी गर्ने खर्चलाई नियन्त्रण गरी खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

क्र.सं.	घर धनीको नाम	प्रति महिना रकम	बार्षिक भुक्तानी रकम
१	दिनेश कुमार सुवेदी	२२५००	२७००००
२	कृष्ण कुमार सुवेदी	९५००	११४००००
जम्मा		**३२०००**	**३८४०००**

३३ पेस्की बाँकी

३३.१ **मोबिलाइजेशन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यको लागि उपलब्ध गराएको मोबिलाइजेशन पेश्की रु.३९८११५१.७९ आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र नियमानुसार बाँकी पेश्की फछर्यौट गर्नुपर्दछ ।

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिनेको नाम	चालु आ. व.को बाँकी	गत आ. व.सम्मको बाँकी	जम्मा बाँकी पेश्की
१	माबु स्वास्थ्यचौकी भवन	आर. एन. कन्स्ट्रक्सन	०.००	५९६१५०.००	५९६१५०.००
२	माबु स्वास्थ्य चौकी सन्दकपुर -४ भवन निर्माण	आर. एन. कन्स्ट्रक्सन	०.००	४८७००१.७९	४८७००१.७९
३	कृष्णभिर जमूना जौबारी सडक	राजलवट निर्माण सेवा	२६००००.००	०.००	२६००००.००
४	गैर आवासीय भवन निर्माण/खरिद	आर. एन. कन्स्ट्रक्सन	०.००	२०००००.००	२०००००.००
५	चाँपगैरी छाँगे आलुबारी अधिकारीबास विखे भञ्ज्याङ्ग सडक समपुरक	बौद्ध निर्माण सेवा	२४३८०००.००	०.००	२४३८०००.००
जम्मा			**२६९८०००.००**	**१२८३१५१.७९**	**३९८११५१.७९**

३३.२ **संस्थागत पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले इलाम न.पा नगर पर्यटन प्रवर्धन समितिलाई उपलब्ध गराएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई रु.२०००००.०० बाँकी रहेको छ। नियमावलीले तोकेको अवधीभित्र फछर्यौट गर्नेतर्फ पेस्की लिने र दिने दुवैले ध्यान दिनु पर्दछ। नियमानुसार बाँकी पेस्की फर्स्यौट गर्नुपर्दछ।

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,६७९,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

३४ आन्तरिक आम्दानी तर्फ

३४.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त

समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदान	**आन्तरिक आय**	**आन्तरिक आय प्रतिशत**
२३२८७९०८६.९४	१७४८१२००.६७	७.५१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.५१ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

३४.२ **आय प्राप्तिको अबस्था** - यस पालिकामा बिगत तीन बर्षको राजश्व असुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ।

आर्थिक बर्ष	**असुली रकम (रु.हजारमा)**
२०७९।८०	१३०३१
२०८०।८१	१०८४२
२०८१।८२	१७४८१

उक्त तालिका अनुसार राजश्व असुली २०७९।८० को तुलनामा २०८०।८१ मा घटेको देखिन्छ भने २०८०।८१ को तुलनामा २०८१।८२ मा बढेको देखिन्छ। आय बृद्धिका लागि करको दायरा बढाउदै असुली रकमको बृद्धि तथा स्थायीत्वका लागि पालिकाको निरन्तर अनुगमन मूल्याँङ्कन सहितको प्रयाश जारी रहनुपर्दछ।

३४.३ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.१ करोड ४६ लाख ३४ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.१ करोड ७४ लाख ८१ हजार आय प्राप्त गरेको छ अर्थात अनुमानको ११९ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	११३१३	सम्पती कर	५००००००.००	१७२२४३.२०	३४.४५
२	११३१४	भुमिकर/मालपोत	२००००००.००	१९६३२१२.३४	९८.१६
३	११३१७	वहाल कर	१०००००.००	३८८१५२.११	३८८.१५
४	११३१८	वहाल विटौरी कर	५००००.००	३००००.००	६०.००
५	११४५१	सवारी साधन कर (साना सवारी)	१२०००.००	०.००	०.००
६	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२००००००.००	१७३४९८०.००	८६.७५
७	११४७९	अन्य मनोरञ्जन कर	१०००००.००	२००००.००	२०.००
८	११६११	व्यवसायले भुक्तानी गर्ने	०.००	१०८९६७.६७	०.००
९	११६२१	व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	६००००.००	०.००	०.००
१०	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०००००.००	५४४७५.००	१०.९०
११	११६९१	अन्य कर	१००००००.००	५८८५.००	०.५९
१२	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५००००.००	०.००	०.००
१३	१४१९१	पर्यटन शुल्क	५००००.००	०.००	०.००
१४	१४१९२	पदयात्रा शुल्क	१००००.००	०.००	०.००
१५	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	०.००	०.००	०.००
१६	१४२२१	न्यायिक दस्तूर	५०००.००	३१२०.००	६२.४०
१७	१४२२४	परीक्षा शुल्क	५००००.००	१६०००.००	३२.००
१८	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	५००००.००	२१५०२०.००	४३०.०४
१९	१४२४१	पार्किङ्ग शुल्क	१०००००.००	०.००	०.००
२०	१४२४२	नक्सापास दस्तुर	१०००००.००	०.००	०.००
२१	१४२४३	सिफारिश दस्तुर	१२३००००.००	१०९७०००.२५	८९.१९
२२	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	१०००००.००	२७२२००.००	२७२.२०
२३	१४२४५	नाता प्रमाणित दस्तुर	१०००००.००	५५३००.००	५५.३०
२४	१४२४९	अन्य दस्तुर	०.००	१०२३६४१.४०	०.००
२५	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००.००	४२१३९६.००	८४.२८
२६	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	२००००००.००	४८००.००	०.२४
२७	१४२६५	अन्य क्षेत्रको आय	२१५००००.००	६४५९९१.७०	३०.०५
२८	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	५०००.००	०.००	०.००
२९	१४५२९	अन्य राजस्व	१३२२०००.००	६८१९६६३.००	५१५.८६
३०	१४६११	व्यवसाय कर	३९००००.००	५६७००.००	१४.५४
३१	१५१११	बेरूजू	१०००००.००	२३७२४५३.००	२३७२.४५
		जम्मा	**१४६३४०००.००**	**१७४८१२००.६७**	**११९.४६**

३४.४ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT (कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.१७४८१२००.६७ (नगदी रसिद समेत) आन्तरिक आय देखाएको छ । प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरू राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

३४.५ **व्यवसाय कर** - पालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ। उक्त ऐनको अनुसुचि–५ मा रक्सी तथा पेय पदार्थ थोक तथा खुद्रा, निर्माण सामाग्री हार्डवेयर पसल, इलोक्ट्रोनिक्स पसल, किराना पसल, फर्निचर विक्रेता, भाँडाकुँडा पसल, फर्निचर उद्योग, होटल, सहकारी, बैंक, वित्तिय कम्पनी लगायत विभिन्न १३९ प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ। यो वर्ष पालिकाले रु.५००००० अनुमान गरेकोमा रु.४२१३९६ व्यवसाय कर संकलन गरेको विवरण पेश भएको छ। पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरूबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्नुपर्दछ ।

३४.६ **मनोरञ्जन कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **५२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४.७ **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यवस्था छ । यस पालिका र अन्तरगतका विभिन्न वडा कार्यालयहरूले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना नगरी ढिला दाखिला गरेको देखियो । पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका र अन्तर्गतका वडा कार्यालयहरूको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

सि.न.	राजस्व संकलन केन्द्र	यस वर्षको असुली रु	दाखिला रु	दाखिला मिती
	पालिका	६२६३५९४।११	६२६३५९४।११	बिभिन्न २६ पटक
१	वडा नं. १ कार्यलय	७५६७७२।९०	७५६७७२।९०	२०८१।६।१३, ८।२६, ११।१३, २०८२।२।११, ३।१९ र ३।३२ ६ पटक
२	वडा नं. २ कार्यलय	८६६०४७।६७	८६६०४७।६७	२०८१।६।२१, ९।७, २०८२।१।२२, ३।२४, ३।३२ ५ पटक
३	वडा न. ३ कार्यलय	९९०४२८	९९०४२८	२०८१।५।१३, ६।२१, ८।६,९।९, १०।३, ११।२, १२।५, २०८२।१।४, २।१, २।११, ३।८ र ३।३२ १२ पटक
४	वडा नं. ४ कार्यलय	९३६१३४।८६	९३६१३४।८६	बिभिन्न १९ पटक
५	वडा नं. ५ कार्यलय	१०२६५९०।१३	१०२६५९०।१३	२०८१।५।३१, ८।२३, ९।२३, २०८२।२।४, ३।९ र ३।३२ ६ पटक

३४.८ **वन पैदावार विक्री** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गत २६ वटा सामुदायिक वन रहेकोमा ५ वटाले कार्ययोजना पेश गरी रु.२६३९२ पालिकामा जम्मा गरेको विवरण पेश गरेको छ। बाँकी २१ वटा वन उपभोक्ता समितिहरूले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरूले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरूको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३४.९ **स्थानीय सामग्री उत्खनन र विक्री** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरूमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति रहेको देखिन्छ । यसवर्ष पालिकालाई त्यस्ता सामग्रीको रोयल्टी तथा शुल्क प्राप्त भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३४.१० **मू.अ.कर लाग्ने वस्तु विकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२२,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४.११ **आन्तरिक आय संकलन ठेक्का** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ मा भएको व्यबस्था अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ का लागि पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, दैनिक हाटबजार, सडक मर्मत सम्भार शुल्क लगायतको लागि बिभिन्न १५ वटा नाकामा आन्तरिक आय संकलन सम्बन्धी ठेक्का आह्वानको मिति २०८१।४।३ मा पहिलो पटक सूचना प्रकाशन गरेकोमा कुनैपनि दरभाउपत्र पेश हुन नआएकोले दोस्रोपटक २०८१।४।१९ मा सूचना प्रकाशन गर्दा पनि कुनै दरभाउपत्र पेश नभएकोले पुन तेस्रोपटक २०८१।४।२८ मा सूचना प्रकाशन गरेकोमा कैयाकट्टा क्षेत्रमा दुर्लभ बन्यजन्तु तथा बनस्पति अवलोकनको लागि २ वटा फर्म बिक्री भई एउटा मात्र दर्ता भएको देखियो। दर्ता हुन आएको शाक्थिम कन्स्ट्रक्सनसँग रु.१७१५०० मा मिती २०८१।५।१९ मा सम्झौता भएको पाइयो । सम्झौता अनुसारको रू.१७१५०० पालिकाको आन्तरिक आयमा ४ पटक जम्मा गरेको छ ।

३४.१२ **नगदी रसिदको प्रयोग** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) मा भएको व्यबस्था अनुसार पालिकाले कर संकलन गरेको छ । यस बर्ष निम्नानुसारका ४ व्यक्ति तथा संस्थासँग सम्झौता गरी नगदी रसिदको आधारमा आय संकलन गरेको छ । पालिकाले ठेक्कापट्टा बाहेकका अन्य आम्दानी गर्दा नगदी रसिद प्रयोग गरी रु १७,४६,३१५ आम्दानी गरेको छ। सो प्रयोजनका लागि यो बर्ष कुल ४८४ ठेली नगदी रसिद आम्दानी गरेकोमा सोबाट पालिका वडा कार्यालय र सम्झौता बमोजिमका अन्य ठाउँबाट राजश्व आम्दानी गर्ने प्रयोजनका लागि ३६० ठेली निकासा गरी १२४ ठेली बाँकी रहेको विवरण पेश गरेको छ । निकासी गरिएका ठेलीबाट असूल गरेको राजश्व जोडजम्मा गरी यथार्थरुपमा सबै ठेलीबाट असूल गरेको राजश्व दाखिला भए नभएको एकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ असूली मानेको छ । सोका अतिरिक्त पालिकाले प्राप्त गर्नुपर्ने र प्राप्त भएको राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने नगरेकोले लेखापरीक्षण समयमा समेत प्राप्त हुनुपर्ने र प्राप्त राजस्व भिडान गर्न सकिएन । नगदी रसिदको प्राप्त आय सम्बन्धमा जारी गरेका सबै नगदी रसिदबाट यथार्थरुपमा अशुल गरी दाखिला भएको सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ । साथै बाँकी रहेको नगदी रसिदको ठेली अल्या गरी प्रयोग नगरेकोले नष्ट गर्नुपर्दछ ।

सि नं	क्षेत्र	सम्झौता गरीएको व्यक्ति	संकलित राजश्व	कैफियत
१	कालपोखरी	पेम्बा शेर्पा	१४,२०,२२०	सम्झौता
२	देउराली बजार\कभर्ड हाल	सुरेश थापा मगर	६७,९२५	सम्झौता
३	माइपोखरी	माइपोखरी टोलविकास संस्था	२,४४,४७०	सम्झौता
४	जोरपोखरी	थमान सिंग राई	१३,७००	सम्झौता
जम्मा			**१७,४६,३१५**	

३५ खेलकुद कार्यक्रम

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका कार्यक्रममा पालिका तथा वडागत रुपमा बजेट विनियोजन गरी सञ्चालन गरेको देखियो । पालिकाको यस वर्ष आन्तरिक आय रु.१ करोड ७४ लाख ८१ हजार रहेकोमा खेलकुद कार्यक्रममा मात्र रु.२४ लाख ७० हजार खर्च गरेको छ जुन आन्तरिक आयको १४.१३ प्रतिशत रहेको छ। यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ। पालिकाले समानिकरण अनुदानबाट रु.६ लाख ५० हजार रकम खर्च गरेको देखिएकोले अनुदानको रकमबाट खर्च गर्ने कार्यमा समेत नियन्त्रण गरी आन्तरिक श्रोतलाई ध्यान दिएर मात्र आन्तरिक श्रोतबाट यस्तो खर्च गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	स्रोत	विनियोजन	खर्च
१	युवा तथा खेलकूद	राजस्व बाँडफाँड - प्रदेश सरकार	१००००००	१००००००
२	युवा तथा खेलकूद	आन्तरिक श्रोत	४५००००	२५०६६१
३	युवा तथा खेलकूद	कोशी प्रदेश - समानिकरण अनुदान	१०००००	१०००००
४	युवा तथा खेलकूद	नेपाल सरकार - समानिकरण अनुदान	१०००००	१०००००
५	युवा तथा खेलकुद विकास वडा नं.२	नेपाल सरकार - समानिकरण अनुदान	४०००००	४०००००
६	खेलकुद वडा नं.३	आन्तरिक श्रोत	१७००००	१७००००
७	सायङबा नकआउट फुटवल प्रतियोगिता वडा नं.४	आन्तरिक श्रोत	५००००	५००००
८	वालाचतुर्दशी नकआउट फुटवल प्रतियोगिता वडा नं.४	आन्तरिक श्रोत	५००००	५००००
९	राँके स्मृति नकआउट फुटवल प्रतियोगिता वडा नं.४	नेपाल सरकार - समानिकरण अनुदान	५००००	५००००
१०	कागे गोल्डकप वडा नं.५	आन्तरिक श्रोत	३०००००	३०००००
जम्मा			**२६७००००**	**२४७०६६१**

३६ **स्थानीय पाठ्यपुस्तक -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१९८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३७ **प्रमाण पेश गर्नुपर्ने** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **९९,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१८,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३८ **पदाधिकारी अनुगमन भत्ता -**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिकाका सदस्यले अनुसूची १ (ख) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुबिधा पाउने व्यवस्था गरेको छ । त्यस्तै अनुसूचीको द्रष्टब्यमा पालिकामा पदाधिकारीले मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाका पदाधिकारीहरूले अनुगमन प्रतिवेदन पेश

नगरी अनुगमन भत्ता भुक्तानी दिने गरेकोमा लेखापरीक्षण मस्यौदा छलफल पश्चात प्रतिवेदन पेश गरेको हुँदा तोकीएको समयमा अनुगमन प्रतिवेदन संलग्न गरेर मात्र यस्तो खर्च लेख्नु पर्दछ।

३९ **शीर्षक फरक पारी खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च लेख्नु पर्ने शीर्षक खर्च लेख्नु पर्नेमा उल्लेखित खर्च शीर्षकबाट खर्च लेखेको देखिन्छ। यसरी खर्च शीर्षक फरक पारी लेखिएको खर्चलाई नियमसम्मत नदेखिएको रू.

गो.भौ.नं.-मिति	विवरण	खर्च लेख्नु पर्ने शीर्षक	खर्च लेखेको शीर्षक	रकम
४४।२०८१।६।२२	विविध खाना खाजा खर्च वापतको भुक्तानी	विविध खर्च	मसलन्द तथा कार्यालय सामाग्री	६००००
	संचार खर्च	संचार महशुल		८०००
१२८।२०८१।९। ११	भ्रमण भत्ता वापतको भुक्तानी	भ्रमण खर्च	विद्यालय अनुगमन तथा सुपरिवेक्षण	१९५००
१४७।२०८१।९। २१	बैठक भत्ता र भ्रमण भत्ता वापतको भुक्तानी	कर्मचारी बैठक भत्ता र भ्रमण खर्च	विविध खर्च	८००००
२६१।२०८१।११। २५	सवारी साधन मर्मत वापतको भुक्तानी	सवारी साधन मर्मत	योजना शाखा व्यवस्थापन	१२०००
३२९।२०८१।१२। ३१	नामगेल तामाङलाई भ्रमण भत्ता भुक्तानी	भ्रमण खर्च	विद्यालय अनुगमन तथा सुपरिवेक्षण	६२५०
३९३।२०८२।२।१	भ्रमण भत्ता भुक्तानी	भ्रमण खर्च	न्यायीक समिति कार्यक्रम	११६००
५११।२०८२।३। १९	भ्रमण भत्ता भुक्तानी	भ्रमण खर्च	न्यायीक समिति कार्यक्रम	३४२६०
५२६।२०८२।३। २०	भ्रमण भत्ता भुक्तानी	भ्रमण खर्च	विद्यालयलाई IEMIS प्रशिक्षण कार्यक्रम	११५००
विभिन्न ४ भौचर	कर्मचारी प्रोत्साहन तथा औषधी उपचार खर्च	कर्मचारी प्रोत्साहन भत्ता	पारिश्रमिक कर्मचारी	२६०७२६६.६
जम्मा				२८५०३७६.६

अनियमित भएको	२८,५०,३७७

४० **घटि कर कट्टा** -

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,७१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **१४,३९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१ **विपद व्यवस्थापन**

(क) सन्दकपुर गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुँदा नम्बर ७ मा कोषको प्रयोग सम्बन्धी व्यवस्था छ। जस अनुसार कोषमा जम्मा भएको रकम खर्च गर्न तथा बिपद व्यवस्थापनका लागि प्राप्त बस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने उल्लेख छ। त्यस्तै तत्काल बिपद प्रति कार्य गर्नुपर्ने वा तत्काल राहात उपलब्ध गराउनुपर्ने अवस्था रहेको र तत्काल समितीको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगत्तै बस्ने समितीको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निर्णयबाट एक पटकमा बिस हजार रुपैयाँसम्मको रकम खर्च गर्न वा नगद राहात उपलब्ध गराउन बाधा पुग्ने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाको प्रकोप व्यवस्थापन कोषमा गत बर्षको अल्या रु.७१७१३१।०६ यस बर्षको रु.१०८१९१७४।१० गरी जम्मा रु.११५३६६०५।१६ आम्दानी भएकोमा रु.१०६६९८७३।२८ खर्च भई रु.८६६४३१।८८ मौज्दात रहेको देखिन्छ। माथी उल्लेखित कार्यविधि अनुसार खर्च भएको रकम बिपद व्यवस्थापन समितिबाट अनुमोदन गर्नुपर्नेमा गरेको देखिएन।

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। साथै सन्दकपुर गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को अनुसूचि १ मा निवेदनको ढाँचाको साथमा नागरिकताको प्रतिलिपी वडाको सिफारिश लगायतका कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले बिपदमा परेकालाई राहत वितरण गरेको केही भौचर नमुना परीक्षण गर्दा तोकिएको कागजात बाहेक पनि भुक्तानी गरेको देखिएकोले यसमा सुधार गर्नुपर्दछ।

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१३३,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रिया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसैगरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे सवारी २ थान र २ पाङ्ग्रे सवारी साधन २० थान मोटरसाइकल रहेकोमा रहेकोमा मर्मत संभार शिर्षकमा रु.२६३७००० खर्च गरेको छ । तोकिएका फारमहरूको प्रयोग नगर्दा मर्मत खर्चमा तोकिएको सीमा भित्र रहेर खर्च भएको छ छैन यकिन गर्न सकिएन । मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ। मर्मत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी मर्मत खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी मर्मत खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ ।

४३ **गाडी भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा २ वटा ४ पाङ्ग्रे सवारी साधन रहेकोमा १ वटा ल्याण्डक्रुजर टोयटा गाडी जिल्ला समन्वयबाट हस्तान्तरण भएकोमा बिग्रिएको र मर्मत खर्च बढी लाग्ने भनी थन्क्याएर राखेको देखियो । पालिकाले निम्नानुसार २ वटा गाडी भाडा सम्झौता गरी रु.१२००००० समेत जम्मा रु.१५८४५०० र मर्मतमा रु.४८०००० गरी जम्मा रु.२०६४५०० खर्च गरेको छ ।

सि नं	सवारी धनीको नाम	मासिक भाडा रकम	मर्मत खर्च मासिक	जम्मा
१	श्री लाक्पादिकी तामाङ्ग	५००००	२००००	७००००
२	श्री रुपा राई	५००००	२००००	७००००
जम्मा		**१०००००**	**४००००**	**१४००००**

अत: यस्ता खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी यस किसिमको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४४ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रु.२६९२११९.६४ को मसलन्द तथा कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ। लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले खर्च भएर जाने सामाग्री खरिदको पश्चात जिन्सी दाखिला गरी सोही दिन खर्च निकासा गर्ने गरेको देखियो । यसले गर्दा जिन्सी शाखामा खर्च भएर जाने सामाग्रीको मौज्दात शुन्य देखिन्छ । पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी माग फारमबाट आएको माग परिमाणको आधारमा मात्र खर्च निकासा गर्नुपर्दछ ।

४५ **सवारी साधन इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे सवारी २ थान र २ पाङ्ग्रे सवारी साधन २० थान मोटरसाइकल रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रु.२०००००० र पदाधिकारी ईन्धन रु.१८००००० गरी जम्मा रु.३८००००० खर्च गरेको छ । सवारी साधन प्रयोग गर्ने पदाधिकारी तथा कर्मचारीहरूले प्रयोग गरेको ईन्धनको अभिलेख र लगबुक पूर्ण रुपमा राखेको देखिएन । ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ ।

४६ **निजी सवारी साधन मर्मत**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **३४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **बढी ग्रेड भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **१२,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **भ्रमण खर्च व्यवस्थापन**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको

कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण खर्च नियमावली, २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गरी भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण खर्चमा निम्नानुसार रु.२८ लाख बजेट विनियोजना गरी रू.२७ लाख ९७ हजार खर्च लेखेको छ । पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधीको भ्रमणमा बस्नु परी सोही बमोजिम भत्ता भुक्तानी लिएकोमा कार्यपालिकाबाट स्वीकृत नगरेको, पदाधिकारी र कर्मचारीहरूको भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खाता प्रयोगमा नल्याएको, सम्पूर्ण भुक्तानीको भ्रमण आदेश स्वीकृत गर्नु पर्ने पदाधिकारीबाट स्वीकृत नभएको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल सम्पूर्ण भ्रमण प्रतिवेदनमा उल्लेख गर्ने नगरेको र फर्किदा प्रतिवेदन पूर्ण अवधीको कार्य विवरण खुल्ने गरी तोकिएको म.ले.प.फा.नं. अनुसार पेश गर्ने नगरेको पाईयो । पालिकाले उल्लेखित नियम तथा कार्यविधिहरूको पालना गर्दै भ्रमण खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

क्र.सं.	कार्यक्रमको नाम	स्रोत	विनियोजन	खर्च
१	विभिन्न भ्रमण खर्च	राजस्व बाँडफाँड - संघीय सरकार	३०००००	२९९१५०
२	भ्रमण खर्च	राजस्व बाँडफाँड - संघीय सरकार	२००००००	१९९७७०४
३	अन्य भ्रमण खर्च पदाधिकारी	राजस्व बाँडफाँड - संघीय सरकार	५०००००	४९९७५०
जम्मा			२८०००००	२७९६६०४

४९ खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रूपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न शीर्षकको रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, इन्धन खर्चको लगबुकको पुर्ण विवरण नराखेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्नु पर्ने देखिन्छ। तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ।

५० औषधी उपचार वापतको भुक्तानी

पालिकाले सभाले निर्णय गरेअनुसार फिल्ड भत्ता नपाउने पालिका कार्यरत कर्मचारीलाई औषधी उपचार वापत एक महिनाको तलव बराबरको भुक्तानी दिने निर्णय अनुसार गो.भौ.नं.५९७ मिति २०८२।३।२५ बाट रु.१४०५०२५ बजेट खर्च लेखी ४२ जना कर्मचारीलाई भुक्तानी गरेको देखियो। पालिकाको आन्तरिक आय रु.१ करोड ७ लाख रहेकोमा औषधी उपचार खर्चमा मात्र १३.१३ प्रतिशत खर्च लेखेको छ। संचय कोष कट्टा गर्ने कर्मचारीको लागि कुनै रोग लागेमा रु.१ लाखसम्मको उपचार खर्च पाउने व्यवस्थाभएको कर्मचारीले औषधी उपचारमा खर्च गरेको विल भरपाई समेत संलग्न नगरी सोझै बजेट खर्च लेखी भुक्तानी दिएको देखियो। यस्तो प्रकृतिको दिर्घकालीन दायित्व सिर्जना गर्ने गरी आन्तरिक आयलाई समेत ध्यान नदिई सभाले गर्ने निर्णयलाई निरुत्साहित गर्दै खर्चमा नियन्त्रण हुनुपर्दछ।

५१ जिन्सी दाखिला नभएको -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको खरिद सामाग्रीहरू जिन्सी दाखिला

नगरी सोझै भुक्तानी दिने गरेको देखिएन । खरिद भएका सामाग्री प्रयोगको विवरण समेत खुलेको छैन्। यसरी जिन्सी आम्दानी नबाँधी प्रयोग भएको विवरण समेत संलग्न नगरी निवेदनको आधारमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

भौचर नं.-मिति	भुक्तानी पाउने	खरिद सामाग्रीको विवरण	रकम
९१-२०८१।८।११	कार्यालय सहयोगी निपेश फुयल	फोटोकपी पेपर ५ कार्टुन रु.२००००, डायरी ६० थान रु.१२०००, नेपाली पेपर ८ प्याड रु.८०००, रजिष्टर विभिन्न साइजको १० थान रु.२००००	६००००
१२२-२०८१।९।९	कार्यालय सहयोगी निपेश फुयल	फोटोकपी पेपर ५ कार्टुन रु.२००००, कार्टेज ५ थान रु.२००००, पाइलट पेन लगायतका स्टेशनरी सामाग्री रु.२००००	६००००
१८३।२०८१।१०।९	कार्यालय सहयोगी निपेश फुयल	कार्टेज रिफिल लगायतको रु.१९७४०, फोटोकपी पेपर ३ कार्टुन लागतय रु.१९६३०, फोटोकपी पेपर ४ कार्टुन लगायतको रु.१९९०० र कार्टेज पेपर लगायत रु.१९८४०	७९११०
२२७।२०८१।११।६	न्यू सरस्वती स्टोर	फोटोकपी पेपर ३ कार्टुन लगायत रु.२०००० र डायरी ५० थान लगायत रु.२००००	४००००
३७९।२०८२।१।२४	न्यू सरस्वती स्टोर	नेपाली पेपर १० रिम लगायत रु.१९६४०, डायरी १० थान लगायत रु.२०००० र फोटोकपी पेपर २ कार्टुन लगायत रु.१९३००	५८९४०
४१३।२०८२।२।९	कार्यालय सहयोगी निपेश फुयल	कलर पेपर १० रिम लगायत रु.२००००,रजिष्टर विभिन्न साईजको रु.२०००० र कार्टेज ३ सेट रु.19900	५९९००
६१५।२०८२।३।२५	कार्यालय सहयोगी निपेश फुयल	फोटोकपी पेपर ५ कार्टुन कार्टेज ५ थान समेतको भुक्तानी	२६०००
जम्मा			३८३९५०

अनियमित भएको	३,८३,९५०

५२ कागजात विनाको भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिकाले प्रमुख प्रशासकीय अधिकृत यादव राउतलाई निम्नानुसार भौचरबाट भ्रमण भत्ता वापतको भुक्तानी गर्दा भ्रमण आदेश र भ्रमण विल संलग्न नगरी भुक्तानी दिएको देखियो । अत: लेखापरीक्षणको क्रममा भुक्तानीलाई प्रमाणित गर्ने प्रमाण कागजात पेश नगरेकोले यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

गो.भौ.नं.-मिति	भत्ता भुक्तानी रकम
२८१-२०८१।१२।६	२२६००

असुल गर्नुपर्ने	२२,६००

५३ नपाउने भुक्तानी -

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **इन्टरनेट जडान -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिका अन्तर्गतको वडा नं.२ का २०० घरको मागका आधारमा इन्टरनेट जडान वापतको रु.४३२००० सेवा प्रदायक टेकमाइण्ड्स नेटवर्क प्रा.लि. लाई गो.भौ.नं. ४८१ बाट भुक्तानी दिएको देखियो। वडा कार्यालयले इन्टरनेट खरिद शीर्षकमा बजेट विनियोजन गरी सो खर्च गरेको देखिन्छ। भुक्तानीसाथ संलग्न कागजात परीक्षण गर्दा पालिकाले इन्टरनेट जडान वापतको भुक्तानीमा वडा वासीको कुनै साझेदारी देखिदैन। लेखापरीक्षण बहिर्गमन बैठकको क्रममा पालिकाले सो खर्चभन्दा बढी रकमको भुक्तानी भएको र यस बाहेकको रकम सोझै इन्टरनेट सेवा प्रदायकलाई वडा वासीले भुक्तानी गरेको भनाई राखेको छ। साझेदारी रकम के कति रहेको तथा सो साझेदारी वापतको रकम भुक्तानी लिनको लागि सेवा प्रदायकले जारी गरेको कर बिजक समेत पेश नभएकोले सो भनाई अनुसार साझेदारी भएको छ भन्न सक्ने अवस्था देखिदैन। सो वडामा मोवाईल नेटवर्क समेत नटिप्ने र वडा वासीको पटक पटकको मागबाट सो कार्य गरिएको पालिकाको भनाई रहेको छ। पालिकाले आफ्नो आन्तरिक आय तथा अन्य वडाबाट आउन सक्ने थप मागलाई समेत ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

५५ **बढी दरले भुक्तानी**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **११,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **आवधिक योजना निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार गरी लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले आवधिक योजना (२०८२/८३-२०८६/८७) स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.सँग भ्याट सहित रु.१४८९३४० मा सम्झौता गरी कार्य गरेकोमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

५६.१ **दिग्दर्शनको पालना -** स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा एकरुपता, सहजता कायम गर्न, प्रक्रिया स्पष्ट गर्न तथा दिगो विकास लक्ष्य राष्ट्रिय योजना, प्रदेश योजना र स्थानीय आवधिक योजनाबीच अन्तरसम्बन्ध कायम गर्न सहयोग गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय उल्लेख छ । पालिकाले कार्यक्षेत्रगत शर्त तयार गर्दा उक्त दिग्दर्शनका देहायका विषयहरूलाई समावेश गरेको देखिएन।साथै कार्यक्षेत्रगत शर्त अन्तर्गतका सम्पूर्ण विषय समेत अन्तिम प्रतिवेदनमा समेट्नु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यक्षेत्रगत शर्तको पालना अवस्थाको परीक्षण गर्दा प्रतिवेदनमा देहायका विषय समेटिएको देखिएन:

- आवधिक योजना तर्जुमा प्रक्रिया बमोजिम अभिमुखीकरण तथा तयारी कार्यशाला, विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा, वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयार एवम् अद्यावधीकरण गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको सम्पूर्ण कार्य गरेको प्रमाण संलग्न गरेको देखिएन ।

- परामर्श सेवाको कार्यक्षेत्रगत शर्तमा प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्नुपर्ने उल्लेख गरेको छ । परामर्श दाताले पेस गरेको प्रतिवेदनमा विगतको राजस्व असुलीको तथ्यांक उल्लेख गरेको भए तापनि योजना अवधिमा प्राप्त हुने कुल आम्दानी र सो प्राप्त हुने स्रोत यकिन गरी योजना अवधिको लागि राजस्वको प्रक्षेपण गरेको देखिएन । योजना अवधिमा प्रक्षेपण गरिएको खर्चलाई सम्बोधन गर्न सक्ने सम्भावित आम्दानी र सोको स्रोतहरूको पहिचान, विश्लेषण हुन नसकेको कारण प्रतिवेदनले आगामी वर्षको बजेट निर्माण कार्यलाई सहयोग हुने ठोस आधार दिन सकेको देखिएन ।
- कार्यक्षेत्रगत शर्तमा दिगो विकासका लक्ष्यलाई पालिकाको सन्दर्भमा आन्तरिकिकरण गरी विषय उपक्षेत्रगत योजना तथा परिमाणात्मक लक्ष्य निर्धारण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम कार्य गरेको देखिएन ।
- कार्यक्षेत्रगत शर्तमा राजस्व संकलन र बाँडफाँट योजना, आम्दानीको स्रोतको सुधार कार्ययोजना तयार विपद् व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने उल्लेख भएकोमा प्रतिवेदनमा सो अनुसारका कार्य योजना समावेश गरेको देखिएन ।

अत: योजना तर्जुमा गर्दा योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू समावेश गर्नुपर्दछ।

५६.२ **पूर्वनिर्धारित क्षतिपूर्ति**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०२,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६.३ **भुक्तानी -** परामर्शदातासँग गरेको सम्झौतामा परामर्शदाताले अन्तिम रिपोर्ट २ प्रति हार्ड कपि र सफ्टकपि पेश गर्नुपर्ने उल्लेख भएकोमा अन्तिम रिपोर्ट १ प्रति मात्र पेश गरेको देखियो। साथै परामर्शदाताले प्रस्ताव पेश गर्दा सोधभर्ना हुने खर्च रू.२,०३,०००।- उल्लेख गरेकोमा सोको भुक्तानी माग गर्दा खर्च विल भरपाई तथा प्रमाण पेश नगरेको रू.

प्रमाण पेश नगरेको	२,०३,०००

५७ **पशु औषधी**

पशु औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ। पालिकामा खरिद तथा प्राप्ति हुने पशु औषधीको प्राप्ति, खर्च र मौज्दातको अवस्था स्पष्ट देखिने अभिलेख राख्ने गरेको देखिएन। यस बर्ष भौचर नम्वर १७२ मिति २०८२।३।१६, गडसन भेट्स फर्माबाट रु.२,९८,८६७।०० र भौचर नम्वर ६३ मिति २०८१।१२।०८, अनुपमा भेट्स फर्माबाट खरिद भएको औषधी पालिकाको पाम्समा दाखिला गरेको र आम्दानी भएको सबै औषधी पशु शाखा तर्फ निकासा गर्ने गरेको तर पशु शाखामा उक्त औषधीको आम्दानी र मौज्दातको विवरण राख्ने गरेको देखिएन। शाखाले पशु उपचारको आधारमा औषधीको खर्च लेख्ने गरे तापनि लेखापरीक्षणको क्रममा वाँकी औषधीको विवरण माग गर्दा सो को विवरण पेश भएन। प्रत्येक बर्ष औषधी प्राप्ति, खर्च र मौज्दातको अवस्था देखिने स्पष्ट अभिलेख राख्नु पर्ने देखिन्छ।

५८ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले सोही बमोजिम सूचना प्रकाशन र सोझै खरिद विधि प्रकृया अवलम्बन गरी देहायबमोजिम रु.२७,७०,७५८।९५ को औषधी तथा सर्जिकल सामग्री खरिद गरेको छ।

भौचरनं	शीर्षक	आपूर्तक	खरिद विवरण	भुक्तानी रकम	खरिद विधि
४६- २०८१।०९।१६	संघीय सशर्त	क्यूरेक्स फर्मास्यूटिकल्स	विभिन्न औषधी खरिद	५९५७५०.	पत्रिकामा प्रकाशन भएको दर अनुसार सोझै
१३४- २०८१।९।१६	गाउँपालिका चालु	क्यूरेक्स फर्मास्यूटिकल्स	विभिन्न औषधी खरिद	१३०००००.	पत्रिकामा प्रकाशन भएको दर अनुसार सोझै
१५८- २०८२।३।१५	संघीय सशर्त	लक्ष्मी श्री फार्मेसी	औषधीजन्य सामग्री खरिद	८७५००८.९५	कोटेशनबाट सोझै
जम्मा				**२७७०७५८.९५**	

यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले पालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ। पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ। यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

ख) आपूर्ति भएका औषधी जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन।

ग) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

घ) स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ। साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन।

ङ) औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ। Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Lead time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन। आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ। साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउनेतर्फ ध्यान दिनुपर्दछ। साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५९ औषधी खरिदमा कानूनको परिपालना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान वा नेपालका उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्रि मूल्यमा सोझै खरिद गर्न सकिने उल्लेख छ। साथै आधिकारीक विक्रेता वा आधिकारीक एजेन्ट मार्फत विक्री गर्दा त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए

सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको खुल्ने गरी सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले क्यूरेक्स फर्मास्यूटिकल्स प्रा.लि.ले आर्थिक बर्ष २०८१।८२ को लागि नयाँ पत्रिका राष्ट्रिय दैनिकमा औषधीको मूल्य सूची प्रकाशन गरेकोबाट खरिद गरेको छ। उक्त पत्रिकामा प्रकाशित मूल्य सूचीमा MRP मा कुनै पनि छुट रकम उल्लेख गरेको देखिँदैन। पालिकाले उत्पादकले दिने डिलर छुट नलिएको देखिएकोले आगामी दिनको खरिदमा यस्तो छुट लिएर मात्र खरिद गर्नु पर्ने देखिन्छ।

६० **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस पालिका अन्तर्गत विभिन्न तहका २६ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र स	विद्यालयको नाम	वडा	बाल विकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहात	pcf	अस्थायी लियन	जम्मा पदपूर्ती	विद्यालय कर्मचारी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री आदरणिय मा. वि.	१	२	८		१			११	२	१५९	१:१४
२	श्री श्याम्बल मा. वि.	२	१	१२		१			१४	२	१५६	१:११
३	श्री माईपोखरी सं. मा. वि.	३	३	१०		१			१४	२	९६	१:०७
४	श्री सरस्वति मा. वि.	३	२	१२	१०				२४	२	२१८	१:०९
५	श्री प्रबोध मा. वि.	४	२	१०		५			१७	२	१७७	१:१०
६	श्री भगवति मा. वि.	५	१	१०		२			१३	२	१०७	१:०८
७	श्री चन्द्रोदय आ. वि.	१	३	४		१			८	१	८७	१:११
८	श्री राष्ट्रिय आ. वि. जमुना	५	१	५		१			७	१	४९	१:०७
९	श्री भानुदय आ. वि.	५	३	७		१			११	१	७४	१:०७
१०	श्री भिमसेन आ. वि.	१	१	१					२	१	८	१:०४
११	श्री भानू आ. वि.	२	१	२					३	१	३४	१:११
१२	श्री सरस्वती आ. वि.	२	२	४					६	१	५४	१:०९
१३	श्री गुफा आ. वि.	२	१	२					३	१	५३	१:१८
१४	श्री भगवती आ. वि.	२	१	१					२	१	१५	१:०८
१५	श्री भिमसुन आ. वि.	२	१	२					३	१	९	१:०३
१६	श्री जनकल्याण आ. वि.	३	२	२					४	१	२७	१:०७
१७	श्री बालनिकेता आ. वि.	३	२	२					४	१	२०	१:०५
१८	श्री यूवा आ. वि.	३	२	४					६	१	२३	१:०४
१९	श्री बालकल्याण आ. वि.	३	१	३		१			५	१	५३	१:११
२०	श्री देवी आ. वि.	३	१	१		१			३	१	२७	१:०९

२१	श्री सुत्लुङ्ग आ. वि.	३	१	२					३	१	१६	१:०५
२२	श्री नवज्योती आ. वि.	४	१	२					३	१	१४	१:०५
२३	श्री राष्ट्रिय आ. वि. हिले	४	०	२					२	१	१०	१:०५
२४	श्री माबू आ. वि.	४	०	२					२	१	२१	१:११
२५	श्री मुल्चोक आ. वि.	५	१	१					२	१	१०	१:०५
२६	श्री पुर्वक्षितिज आ. वि.	५	२	२		१			५	१	३९	१:०८
	जम्मा		**३८**	**११३**	**१०**	**१६**	**०**	**०**	**१७७**	**३२**	**१५५६**	

उपर्युक्त तालिका अनुसार पालिका भित्र २६ विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी १३९ मा १३८ पदपुर्ति र १५५६ विद्यार्थी संख्या रहेको देखिन्छ। सो मध्ये श्री भिमसुन आधारभुत विद्यालयमा ९ विद्यार्थी मात्र रहेकोमा २ शिक्षक दरवन्दी रही शिक्षक विद्यार्थी अनुपात १:४.५ रहेको छ भने श्री गुफा आधारभुत विद्यालयमा सवै भन्दा वढी शिक्षक विद्यार्थी अनुपात ५३ विद्यार्थीमा २ शिक्षक अर्थात् १:२६.५ रहेको देखिन्छ। यस विद्यालयमा विद्यार्थीको तुलनामा शिक्षक दरवन्दी घटी भएकोले यस आर्थीक वर्षमा मिलान गरिएको पालिकाले जनाएको छ। तसर्थ पालिकाले नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

६१ **बढी ग्रेड निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१६,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६२ **बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१२,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **पाठ्यपुस्तक**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **२,१३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **१,१९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६५ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **६७,२३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **प्रदेश समपुरक अनुदान**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश, विराटनगरबाट आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यान्वयनको सम्वन्धमा मिति २०८१।४।१ मा भएको परिपत्रको खण्ड (ग) बजेट निकासा तथा बजेट कार्यान्वयन को बुँदा नं.३२ मा कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा ९ बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुनेगरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का वन्दोवस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाईने उल्लेख छ। पालिकाले यस वर्ष प्रदेश समपुरक अनुदान प्राप्त देहायको दुई आयोजनामा ठेक्का वन्दोवस्त पछि वचत भएको रकमबाट पुनः ठेक्का सम्झौता गरेको देखियो। यसरी मन्त्रालयको परिपत्र विपरित पुनः ठेक्का सम्झौता गरी भुक्तानी भएको नियमित मान्न नसकिने रु.

योजनाको नाम	प्रदेशबाट विनियोजन	खरिद सम्झौता	जम्मा खर्च (कन्टिन्जेन्सी समेत)	प्रदेश तर्फको खर्च रकम	पुनः ठेक्काबाट प्रदेश तर्फको भुक्तानी
कृष्णभीर जमुना जौवारी सडक निर्माण	५००००००.	४९०२२७७.६	४८९८०५४.७५	३१८६४८०.४४	१७११५७४.३१
देउराली माईपाताल जितपाले टेके गोलाई रामखर्क सडक निर्माण	५००००००.	४८६६४३४.	४६२३३८९.६७	३१६३१८२.१	१४६०२०७.५७
जम्माः	१००००००००.	९७६८७११.६	९५२१४४४.४२	६३४९६६२.५४	३१७१७८१.८८

अनियमित भएको	३१,७१,७८२

६७ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४९,९०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८ **पन्ध्र शैया अस्पताल**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा २ (घ) मा कावु वाहिरको परिस्थितिमा खरिद सम्झौताको अन्त्य गर्न सकिने व्यवस्था छ। पालिकाले १५ शैयाको अस्पताल निर्माणको लागि मिति २०७८।२।२५ मा निर्माण व्यवसायी ओम वुद्ध आशिर्वाद स्वामी नारायण जे.भी.सँग रु.१३,१७,११,०३५। (मू.अ.कर समेत) मा २०८१।२।३ भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेको देखिन्छ। विस्तृत परियोजना प्रतिवेदन समेत तयार गराई निर्माण कार्य शुरु भएको निर्माण स्थलको एक पट्टिको किनारावाट पानी उम्रीएको कारण जमिन भत्किएको तथा माथि वाट पहिरो आएको कारण हाल सम्म निर्माण कार्यको सुरुवात भएको देखिएन। यस खरिद सम्झौतालाई अगाडी वढाउन कुनै पहल भएको देखिएन भने खरिद सम्झौताको म्याद सकिएको अवस्थामा म्याद थप पनि भएको छैन र सम्झौता

वमोजिम गर्न नसकिने यस कार्यको पालिकाले ठेक्का अन्त्य गर्ने तर्फ पनि कुनै पहल गरेको देखिंदैन। निर्माण स्थलमा आएको जटिलताले अस्पताल निर्माण कार्य अगाडी वढ्न नसक्ने अवस्थामा खरिद नियमावलीमा भएको व्यवस्था अनुरुप पेश्की जमानतवाट गत आर्थिक वर्षमा भुक्तानी भएको रु.१,२०,००,०००।०० पेश्की रकम असूल गरी फछ्र्यौट गर्नुपर्ने भनि आर्थिक वर्ष २०७९।८० मा वेरुजू कायम गरिए तापनि लेखापरीक्षण अवधि सम्म भुक्तानी भएको पेश्की असूल फर्स्यौट गरेको देखिएन। ठेक्का सम्झौता र पेश्की जमानत दुवैको अवधि सकिएको अवस्थामा उक्त फर्स्यौट हुन वाँकी पेश्कीको यस आर्थिक वर्ष जिम्मेवारी समेत सारेको देखिएन। खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम उक्त पेश्की पालिकाले असूल फर्स्यौट गर्नुपर्दछ। पालिकाले निर्माण कार्यको पूर्व तयारी गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण छनौट गरिएको स्थानमा अस्पताल भवन निर्माण गर्न नसकिने देखिएकोले विष्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत थप जिम्मेवार बनाउनु पर्दछ। यसरी अस्पताल भवन निर्माणको लागि प्रकृया अघि वढाउने जिम्मेवार पदाधिकारी तथा निर्माण कार्य नगर्ने निर्माण व्यवसायी लाई जवाफदेही वनाई खरिद सम्झौताको अन्त्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ भनि आर्थिक बर्ष २०८०।८१ मा वेरुजू कायम भए पछि पालिकाले भुगर्भविद्को राय वमोजिम सो स्थानमा भवन निर्माण गर्न नसकिने भनि ठेक्का अन्त गर्ने तर्फ कारवाही अगाडी वढाएको पालिकाले जनाएको छ। पालिकाको च.नं.९०५ मिति २०८१।१०।२९ को पत्रबाट अस्पतालको निर्माण कार्य सम्वन्धमा विज्ञको राय आवश्यक परेकोले त्रि.वि.इ.अ.सं.क्याम्पस, पुल्चोक ललितपुरमा विज्ञ माग गरे वमोजिम डा. भीम कुमार दाहाल मनोनयन भई आउदा निजको भ्रमण र अध्ययन प्रतिवेदन खर्च सेवा परामर्शबाट रु.५३,२९०।०० समेत भएको देखिन्छ। निज विज्ञले सो स्थानमा भवन निर्माण गर्न मिल्ने नमिल्ने स्पष्ट नगरी विभिन्न तरिकाले पहिरो नियन्त्रण गर्नुपर्ने विषय उल्लेख गरेको देखिन्छ। पालिकाले यस खरिद सम्झौता सम्वन्धमा ठोस निर्णय गरेर अगाडी वढ्नुपर्ने देखिन्छ।

६९ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ४०.०६ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५९ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ। यस्ता लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कवोल तथा सम्झौता भएका योजनाका विवरण देहायमा उल्लेख छ।

खरिद सम्झौता नं	कामको विवरण	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
SRM/ILAM/NCB/WORKS/081-82-02	कृष्णभीर जमुना जौवारी सडक निर्माण	इन्द्रजित कन्स्ट्रक्सन	८१५१४०३.३५	४९०२२७७.६	-४०.०६
SRM/ILAM/NCB/WORKS/081-82-01	देउराली माईपाताल जितपाले टेके गोलाई रामखर्क सडक निर्माण	इन्द्रजित कन्स्ट्रक्सन	८५१२२०१.०९	४८६६४३४.	-४२.८३
SRM/ILAM/NCB/WORKS/081-82-05	देउराली माईपाताल जितपाले टेके गोलाई रामखर्क सडक निर्माण दोश्रो फेज	बैध निर्माण सेवा	३४१०८३४.९२	२१७३४५८.०६	-३४.५८
SRM/ILAM/NCB/WORKS/081-82-07	चाँपगैरी छाँगे आलुवारी अधिकारी बिखे भञ्ज्याङ्ग सडक निर्माण दोश्रो फेज	राजलवट निर्माण सेवा	४४४१६१९.६७	२९७७८२५.७	-३२.९६
SRM/ILAM/NCB/WORKS/081-82-03	चाँपगैरी छाँगे आलुवारी अधिकारी बिखे भञ्ज्याङ्ग सडक निर्माण	बौद्ध निर्माण सेवा	३८०७९०९९.६	२४३८२७२२.७६	-३४.२७

७० बिओक्यूमा सवारी साधन

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसंग सम्वन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने तथा मिति २०६९।९।२ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसंग असम्वन्धित खर्चहरु समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ। पालिकाले लागत अनुमान रु.८१,५१,४०३।३५ रहेको कृष्णभीर जमुना जौवारी सडक निर्माण योजना ठेक्का नं. SRM/ILAM/NCB/WORKS/081-82-02 मार्फत इन्द्रजित कन्स्ट्रक्सनसंग रु.४९,०२,२७७।६० मा सम्झौता गर्दा BOQ को आइटम नं ४ मा Supply, handover and dakhila of Motercycle मा रु.२,८५,०००।०० समावेश गरेको देखियो। ठेक्का सम्झौतामा निर्माण कार्यसंग असम्वन्धित आइटम (मोटरसाइकल) वि.ओ.क्यू.मा समावेश गरी भुक्तानी गर्दा अनावश्यक रुपमा योजनाको लागत बृद्धि भएको देखिन्छ। यसरी निर्माण कार्यसंग असम्वन्धित आइटममा मुल्य अभिबृद्धि कर थप समेत भुक्तानी भएको रु.३,२२,०५०।०० नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,२२,०५०

७१ मुल्य समायोजन

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **६५,४६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७२ पूर्वनिर्धारित क्षतिपूर्ति

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१७** को निर्णयले रू **१३,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ संघीय समपुरक अनुदान

समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को बुँदा १२(१) मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। संघीय समपुरक अनुदानबाट सञ्चालन भएको लागत अनुमान रु.३,८०,७९,०९९।६० भएको चाँपगैरी छाँगे आलुवारी अधिकारी बिखे भञ्ज्याङ्ग सडक निर्माण ठेक्का नं.SRM/ILAM/NCB/WORKS/081-82-03 को माध्यमबाट रु.२,४३,८२,७२२।७६ मा बौद्ध निर्माण सेवासँग

खरिद सम्झौता भएको देखिन्छ। यस आर्थिक बर्षको अन्त सम्म रु.१,४८,५७,२३०।९२ भुक्तानी भएको यस खरिद सम्झौताको म्याद थप पछी २०८२।९।१५ सम्पन्न गर्नुपर्ने अवधि कायम भएको छ। यस बर्ष प्राप्त रु.१ करोड ५० लाख संघीय समपुरक अनुदानबाट सञ्चालन भएको यस आयोजनामा ठेक्का सम्झौताबाट बचत भएको रकमबाट आषाढमा सोही आयोजनामा थप काम गर्नेगरी कोटेशन मार्फत खरिद गरेको छ। भौचर नं.५५ मिति २०८२।३।२५ देखि कोटेशन मार्फत भएको खरिद सम्झौतामा सम्पन्न कामको आधारमा रु.९,९२,४८३।५२ भगवती निर्माण सेवालाई भुक्तानी दिएको छ। ठेक्का सम्झौतामा भई रहेको कामलाई नै कोटेशन मार्फत गराउदा एउटै आइटममा देहाय वमोजिम फरक पर्न गएको अनियमित देखिएको रु.

कामको विवरण	ठेक्काबाट भएको भुक्तानी		कोटेशनबाट भएको भुक्तानी		फरक		
	परिमाण	दर	परिमाण	दर	परिमाण	दर	रकम
Earth work in excavation of foundation	२६३९५.७१	५०	८१.२	७०	८१.२	२०	१६२४
Backfilling of structures providing and filling earth in foundation	२३३.३	५०	५६	२६०	५६	२१०	११७६०
Gabion work	१९०९.५	३४५०	१४४	५८९०	१४४	२४४०	३५१३६०
Geo-textile	८६७.	१००	४५	२२०	४५	१२०	५४००
जम्मा							३७०१४४.
मु.अ. कर							४८११८.७२
कुल जम्माः							४१८२६२.७२
						अनियमित भएको	४,१८,२६३

७४ माबु हेल्थपोष्ट

७४.१ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्यादथप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। पालिकाले सम्झौता रकम रु.१,४०,३८,२७६।५८, ठेक्का नं. SRM/ILAM/NCB/WORKS/079-80-03 को माबु हेल्थपोष्ट भवन निर्माण योजनामा म्याद थप गर्नु अगाडि माथि उल्लेखित कुराहरुको बारेमा विश्लेषण नगरी गाउँ कार्यपालिकाको २०८१।१०।२९ को निर्णयले २०८२।५।२० सम्म म्याद थप गरेको देखिन्छ। सुरु सम्झौता वमोजिम २०८१।११।२० मा सम्पन्न गर्नुपर्ने यस खरिद सम्झौतामा काम सम्पन्न गर्नुको लागि थप ६ महिना माग गरी निर्माण व्यवसायीले २०८१।१०।२२ मा म्याद थपको लागि निवेदन पेश गरेको देखिन्छ। जस अनुसार थप भएको म्यादमा पनि काम सम्पन्न भएको देखिएन भने लेखापरीक्षण अवधि सम्म पनि यस खरिद सम्झौताको म्याद थप भएको छैन। हाल सम्म रु.७४,६७,६३९।१८ (चौंथो विल सम्म) भुक्तानी भएको तर एउटै कारण देखाई पटक पटक म्याद थप माग गरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

७४.२ **पेश्की जोखिम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं. SRM/ILAM/NCB/WORKS/079-80-03 को माबु हेल्थपोष्ट भवन निर्माण कार्यको

लागि निर्माण व्यवसायी आर.एन.कन्स्ट्रक्सनलाई अग्रिम भुक्तानी स्वरुप दिएको रकम मध्ये फर्स्यौट हुन बाँकी रु.१०,८३,१५१।७९ रहेकोमा सो पेश्कीको जमानत पेश भएन। हाल (चौथो रनिङ विल) सम्म रु.७४,६७,६३९।१८ भुक्तानी र ५३.१३ प्रतिशत भौतिक प्रगति भएको यस खरिद सम्झौताको दोश्रो पटक म्याद थप पछि २०८२।५।२० सम्म म्याद रहेको तथा त्यस पछी म्याद थप पनि नगरेको र रु.१०,८३,१५१।७९ पेश्की फर्स्यौट पनि गरेको छैन। ठेक्का सम्झौताको म्याद र पेश्की जमानत पेश नभएको अवस्थामा जमानत वेगरको रु.१०,८३,१५१।७९ पेश्की जोखिममा रहेको देखिन्छ। उक्त पेश्की जमानतको म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,८३,१५२

७५ **हेभी मेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा सामान्यता डोजर, एस्काभेटर, रोलर, लोडर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको वखतमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायको सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाको ४ नम्वर वडामा सञ्चालन भएको देहायको योजनामा व्याकहोलोडर लगायतका हेभी मेशिन प्रयोग गरेको जुन एउटै पक्कु रमिते टोल विकास स्वयंसेवी तथा उपभोक्ता संस्थाबाट गरेको पाइए तापनि नियमावलीको व्यवस्था वमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिने गरेको पाइएन। विपद् पछि आकस्मिक रुपमा यस प्रकारको काम भएको पालिकाको भनाई रहे तापनि निर्माण व्यवसायी मार्फत भएको देखिएकोले उपभोक्ता मार्फत गर्नुको औचित्य देखिएन। वडा नं.४ को देहाय वमोजिम योजनाहरु उपभोक्तासँग सम्झौता गरी भुक्तानी दिएको छ।

योजना	सम्झौता	सम्पन्न गर्ने	सम्झौता	सम्पन्न	कैफियत
कोकेटार मिरिक दोबाटे सडक मर्मत वडा नं. ४	२०८१।९।७	२०८१।११।१५	५४४७०२.८९	५४५६१०.९६	सुमिरन कन्स्ट्रक्सनको मेशिनबाट काम भएको
हाङ्गादेन भाङ्गटार पाहारे भकारे लालबास सन्दकपुर सडक मर्मत वडा नं. ४	२०८१।९।७	२०८१।११।१५	५४४३०४.१३	५४५३८२.२२	सुमिरन कन्स्ट्रक्सनको मेशिनबाट काम भएको
माईखोला राईटार सत्नाउले चप्लेटी निपाने लामाडाडा सडक मर्मत वडा नं. ४	२०८१।९।७	२०८१।११।१५	५४४४५८.८३	५४५७८२.६५	सुमिरन कन्स्ट्रक्सनको मेशिनबाट काम भएको
जम्माः				१६३६७७५.८३	

७६ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिनरी औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समावेश भएको भवन, मन्दिर, कल्भर्ट, ट्रस लगायतका संरचनाको निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य उपभोक्ता समिति मार्फत गर्दा गुणस्तर परीक्षण लगायतको काम पनि नभएकोले निर्मित संरचनाहरुको गुणस्तरियताको सम्वन्धमा पनि आश्वस्त हुने आधार छैन। यस्ता निर्माण कार्यहरु प्रतिस्पर्धाको माध्यमबाट गर्दा उपयुक्त हुने देखिन्छ। यस वर्ष उपभोक्ता समिति मार्फत भएका जटिल संरचना निर्माणका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन्।

भौ.नं./ मिति	योजनाको नाम	उपभोक्ता समिति	भुक्तानी रकम	कार्यसम्पन्न रकम	कैफियत
१३९-२०८२।२।२९	डम्वरसिंह सुनुवार बहुसांस्कृतिक संग्राहलय	डम्वरसिंह सुनुवार बहुसांस्कृतिक संग्राहलय संचालक समिति	४९०६६७२.८८	४९०६६७२.८८	
२२४-२०८२।३।२४	वडा नं. ३ को सडक मर्मत	२ नं. टोल विकास स्वयंसेवी तथा उपभोक्ता संस्था	५३५९४०.७९	५३५९४०.७९	लोक्ताम निर्माण सेवा प्रा.लि. बाट काम गराएको

७७ **साना सिंचाई आयोजना**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२,८९६,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७८ **सामाजिक सुरक्षा तर्फ**

७८.१ **चौमासिक वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ५ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. १८५९१२६८, दोस्रो त्रैमासिकमा रु.१८७०४३१४, तेस्रो त्रैमासिकमा रु.१८९३४८४६ र चौथो त्रैमासिकमा रु.१९३६७०२१ समेत रु.७५६०९८५१ निकासा गरेको छ। जसको वडागत विवरण निम्नानुसार रहेको छ:

वडा	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा खर्च
१	२५६६८५२	२६१४८३२	२६८५५३२	२७७९९३६	१०६५१९२६
२	४११८८२८	४१५९५६५	४२४०४८९	४३०५७०५	१६८२४५८७
३	३९१४६३३	३९४८३७८	३९७१३६९	४१०४६३४	१५९४६१२९
४	३६५३०८०	३६५७३१६	३७६७६९१	३८९९६६०	१४९७७७४७
५	४३३७८७५	४३२४२२३	४२६९७६५	४२७७०८६	१७२०९४६२
जम्मा	**१८५९१२६८**	**१८७०४३१४**	**१८९३४८४६**	**१९३६७०२१**	**७५६०९८५१**

७८.२ **वर्गगत सामाजिक सुरक्षा खर्च -** यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा प्रभु बैँकबाट जम्मा रु.७५६०९८५१ वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार रहेको छ:

लाभग्राहीको प्रकार	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा खर्च रकम
	संख्या	खर्च रकम	संख्या	खर्च रकम	संख्या	खर्च रकम	संख्या	खर्च रकम	
अन्य जेष्ठ नागरिक	१२५८	१५०२८००१	१२६२	१५०८३७२६	१३१२	१५३५९७८०	१३२६	१५८०६५१७	६१२७८०२४
जेष्ठ नागरिक दलित	२२	१७५५६०	२२	१७५५६०	२१	१६७५८०	२२	१७०२४०	६८८९४०
जेष्ठ नागरिक एकल महिला	१४०	११९७२००	१३९	११००२६४	१३२	१०३७२१७	११९	९४६७८८	४२०१४६९
विधवा	१७५	१३८३२००	१८३	१४३६४००	१८८	१४६९९१६	१९७	१५५२८३९	५८४२३५५
पुर्ण अपाङ्गता	२८	३३५१६०	२८	३३५१६०	२८	३३५१६०	२९	३४३१४०	१३४८६२०
आंशिक अपाङ्गता	८४	५३२०००	८४	५३४१२८	८४	५३४१९९	८३	५३२५५७	२१२३८८४
दलित वालबालिका	२१	३०८५६	२१	३१९३८	२१	३१८६५	२०	३१९२०	१२६५७९
जम्मा	**१७२८**	**१८६०१९७७**	**१७४०**	**१८७०५१५६**	**१७८६**	**१८९३५७१७**	**१७९६**	**१९३६७०२१**	**७५६०९८५१**

७८.३ पारदर्शिता - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

७८.४ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सन्दकपुर गाउँपालिका, इलाम , सन्दकपुर गाउँपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	यादव राउत	२०८०-६-४	२०८२-०४-२०
लेखा प्रमुख	युवराज नेपाल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७८२,७८६	७,२९२,९२२	५,०१४,०९४.३६	०	०	१,६७९,०४०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१४,७६८,८४२.३६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६,१६७,१६८.३६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८,६०१,६७४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८८१५३६०.८९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२५८६००२.१	चालु खर्च	२३९६३७६१३.२१
प्रदेश सरकारबाट अनुदान	२३२८७९०८६.९४	पूँजीगत खर्च	१२८११८४८६.६२
राजश्व बाँडफाँट	७६४७७६८६.७	वित्तीय/अन्य व्यवस्था	९४१३८७५४.७२
आन्तरिक आय	१०७०६५६७.६७		
अन्य आय	११५०६९३६६.१४		
कुल आय	४६७७१८७०९.५५	कुल खर्च	४६१८९४८५४.५५
बाँकी मौज्दात		२४६३९२१५.८९	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरिएका विषय
1	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
2	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
3	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
4	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
6	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
7	तालिम र कार्यक्रम खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
8	शिक्षा तर्फ	शिक्षा तर्फ
9	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
10	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
11	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
12	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
13	कन्टिन्जेन्सी खर्च	कन्टिन्जेन्सी खर्च

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मार्फत तयार भएको म.ले.प.फा.नं.२७० अनुसारको विवरण निम्नानुसार रहेको छ:

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार रु.	गत आ.ब. को कारोबार रु.
	राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर		७७८३८१९३.७७	५८९८४३९८.६२
१३०००	अनुदान		२८२०५०२४६.८२	२८१७२९४१५.४७
१४०००	अन्य राजस्व		१३७४८२४०.६०	९२१७४३२.७५
१५०००	विविध प्राप्ति		२३७२४५३.००	४५५००.००
क	**कुल जम्मा प्राप्ति**		**३७६००९१३४.१९**	**३४९९७६७४६.८४**
३	**चालु**		**२३९६३७६१३.२१**	**२२८५०५९३३.४९**
२१०००	पारिश्रमिक / सुविधा		१४८०८८५७४.४५	१३५४५७३९९.८२
२२०००	मालसामान तथा सेवाको उपयोग		७४३१७४३०.७७	८२३४९९७६.०३
२५०००	सहायता (Subsidy)		४३३९७१८.००	९७३०००.००
२६०००	अनुदान		२००००००.००	०.००
२७०००	सामाजिक सुरक्षा		१०७१३३८९.९९	७०६३३३७.६४
२८०००	अन्य खर्च		१९७८५००.००	२६६२२२०.००
४	**पूंजीगत**		**१२८११९३८१.९२**	**१२५२२७५०९.०९**
३१११०	भवन तथा संरचना		६९२४४९९.०५	०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३०६४६०४.११	३५११९६८.१८
३११३०	अन्य पूँजीगत खर्च		२५०४८१५.६०	०.००
३११५०	सार्वजनिक निर्माण		११५६२५४६३.१६	१२१७१५५४०.९१
ख)	**कुल जम्मा भुक्तानी**		**३६७७५६९९५.१३**	**३५३७३३४४२.५८**
ग)	**बचत /कमी (ग = क-ख)**		**८२५२१३९.०६**	**-३७५६६९५.७४**
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		**४३४५४५३.३९**	**२९१८९७६.९८**
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**			**-१३१५५५.५९**
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		**१२५९७५९२.४५**	**-८३७७१८.७६**
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		**१८८१५३६०.८९**	**१९६५३०७९.६५**
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		**३१४१२९५३.३४**	**१८८१५३६०.८९**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।